

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर ०९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 25 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८७


## रौतहटको मतपरिणाम पनि सकियो

# वाम–लोकतान्त्रिक गठबन्धनको वर्चस्व

प्रस, वीरगंज, ८ मङ्सिर/

आमनिर्वाचन अन्तर्गत रौतहट जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको मतगणना अन्तिम चरणमा रहेको छ ।



माधवकुमार नेपाल | किरण साह | प्रभु साह | देवीप्रसाद तिमल्सिना

बिहीवारसम्म प्रतिनिधिसभाका दुईजनाबाहेक प्रदेशसभा सदस्य सबैको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । बिहीवार सार्वजनिक भएका मतपरिणाम अनुसार रौतहट क्षेत्र नं १ बाट प्रतिनिधिसभाका उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का माधवकुमार नेपाल ३३ हजार ५२२ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका अजय गुप्ताले २६ हजार ९२२ मत ल्याए ।

क्षेत्र नं २ को मतगणना जारी छ । परिणाम घोषणा भएको छैन । स्वतन्त्र उम्मेदवार किरणकुमार साह २६ हजार ९१४ मतले अगाडि छन् भने नेपाली काङ्ग्रेसका महम्मद फिर्दोश आलम २३ हजार ४८२ मतले पछ्याइरहेका छन् ।

क्षेत्र नं ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साह दोस्रोपटकको लागि प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । उनले ३२ हजार ४३७ मत ल्याएर विजयी भए भने अर्का स्वतन्त्र उम्मेदवार २५ हजार २०० मत ल्याएर पराजित भए ।

यसैगरी, क्षेत्र नं ४ मा नेकाका उम्मेदवार देवीप्रसाद तिमल्सिना ३४ हजार १६१ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका उद्धव रेग्मीले २६ हजार ५५१ मत ल्याए । तिमल्सिनाले २०७४ सालमा पनि यो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा जितेका थिए ।

प्रदेशसभातर्फ रौतहट क्षेत्र नं १ (१) बाट नेकाका नागेन्द्र साह १० हजार ५०२ मत ल्याएर विजयी भएका छन् । उनका निकटम प्रतिद्वन्द्वी एमालेका राजकिशोर यादवले आठ हजार ८६३ मत ल्याए । यो क्षेत्रबाट २०७४ सालमा राजपाबाट बाबूलाल साह जितेका थिए ।

१ (२)बाट नेकाका कृष्ण यादव १२ हजार ४८१ मत ल्याएर जिते भने स्वतन्त्र उम्मेदवार राजेश चौधरीले ११ हजार ४०० मत ल्याए । यो क्षेत्रबाट २०७४ सालमा मधेसी जनअधिकार फोरमका योगेन्द्रप्रसाद यादव विजयी भएका थिए ।

२ (१)बाट एमालेका महम्मद जयद आलम १३ हजार ५३२ मत ल्याएर विजयी भएका छन् । स्वतन्त्र उम्मेदवार नागेन्द्र साह छ हजार ८७२ मत ल्याएर पराजित भए । यो क्षेत्रबाट २०७४ सालमा नेकाका नागेन्द्रप्रसाद सिन्हा जितेका थिए ।

२ (२)बाट नेकपा एसका कनिष पटेल १० हजार ४४२ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका रामकिशोर यादवले १० हजार ३३ मत ल्याए । यो क्षेत्रबाट २०७४ सालमा मधेसी जनअधिकार फोरमबाट यादव जितेका थिए ।

३ (१)बाट स्वतन्त्र उम्मेदवार केशव राय १२ हजार २५५ मत ल्याएर जितेका छन् । उनका प्रतिद्वन्द्वी जसपाकी पूजा चौधरी १० हजार १३२ मत ल्याइन् । यो क्षेत्रबाट २०७४ सालमा एमालेका नागेन्द्रप्रसाद यादव जितेका थिए ।

३ (२)बाट नेकाका सुनील यादव १३ हजार ८३४ मत ल्याएर जितेका छन् । स्वतन्त्र उम्मेदवार कुन्दन कुशवाहा १० हजार ७०१ मत ल्याएर पराजित भए । २०७४ सालको चुनावमा कुशवाहा माओवादीबाट जितेका थिए ।

४ (१)मा माओवादी केन्द्रका युवराज भट्टराई १५ हजार ३१८ मत ल्याएर जितेका छन् । उनका प्रतिद्वन्द्वी एमालेका अखिलेश्वर चौधरीले १० हजार २८१ मत ल्याए । यो क्षेत्रबाट २०७४ सालमा नेकाका धनलाल थोकर जितेका थिए ।

४ (२)बाट जसपाका शेख अब्दुल कलाम आजाद आठ हजार ७४१ मत ल्याएर जितेका छन् । उनका प्रतिद्वन्द्वी

(बाँकी पाँचौं पातामा)

# पर्सामा नेका बढ्यो, जसपा घट्यो

प्रस, वीरगंज, ८ मङ्सिर/

पर्सा जिल्लामा २०७४ सालको चुनावमा प्रतिनिधिसभाका चारमध्ये तीनवटा क्षेत्र र प्रदेशसभाका आठमध्ये पाँचवटा क्षेत्र जितेको जनता समाजवादी पार्टी (जसपा)ले यसपटक एउटा प्रतिनिधिसभा र दुईवटा प्रदेशसभा सदस्यमा मात्र जीत हासिल गरेको छ ।



बिहीवार वीरगंजमा निकालिएको नेकाको संयुक्त जुलुस । तस्वीरः प्रतीक

क्षेत्र नं १ बाट प्रतिनिधिसभामा प्रदीप यादव, प्रदेशसभामा १ (२)मा लालबाबूराउत गद्दी र ४ (२)मा सिंहासन साह कलवार गरी तीनजना उम्मेदवार जीत हासिल गरेका छन् । यसअघि प्रतिनिधिसभाका तीनवटा क्षेत्र र प्रदेशसभामा क्षेत्र नं १ (१), १ (२), ३ (१), ३ (२) र ४ (२)मा विजय हासिल गरेको थियो । तत्कालीन मधेसी जनअधिकार फोरम र राजपा गठबन्धनबाट क्षेत्र नं ४ मा राजपाका लक्ष्मणलाल कर्ण जितेका थिए । यसैगरी, राजपाले पर्सा क्षेत्र नं २ (२)को प्रदेशसभा सदस्यमा पनि जितेको थियो ।

अहिले लोसपा भएको तत्कालीन राजपाका क्षेत्र नं २ (२) बाट रमेशप्रसाद कुर्मीले पुनः जीत हासिल गरेका छन् । योबाहेक लोसपाका कुनै उम्मेदवारले पर्सा जिल्लामा जितेका छैनन् । क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा जितेका लक्ष्मणलाल कर्ण पर्सा क्षेत्र नं १ बाट वाम–लोकतान्त्रिक गठबन्धनबाट चुनाव लडे पनि जमानत जोगाउन सकेनन् । २०७४ को चुनावमा प्रदेशसभामा २ (१) र ४ (१) गरी दुई सिट मात्र जितेको नेपाली काङ्ग्रेसले यो चुनावमा सबैभन्दा बढी सिट जितेको छ । प्रतिनिधिसभामा क्षेत्र नं २ बाट अजय चौरसिया, ४ बाट रमेश रिजाल, प्रदेशसभामा क्षेत्र नं २ (१)बाट श्याम पटेल, ३ (२)बाट जनार्दनसिंह क्षत्री र क्षेत्र नं ४ (१)बाट शङ्कर चौधरीले प्रदेशसभाका चारवटा सिट जितेका छन् ।

२०७४ सालमा एक सिट पनि नजितेको नेकपा एमालेबाट भने प्रतिनिधिसभा क्षेत्र नं ३ बाट राजकुमार गुप्ता जितेका छन् । प्रदेशसभामा एमालेले एक सिट पनि जित्न सकेन ।

यसैगरी, २०७४ सालमा एक सिट पनि नजितेको माओवादीबाट पर्सा क्षेत्र नं १ (१)बाट प्रदेशसभा सदस्यमा रहबर अन्सारी विजयी भएका छन् ।

# आचारसंहिताविपरीत विजय जुलुस



जसपाको विजय जुलुसमा ज्यूँदो माछालाई बाँसमा सिउरेर प्रदर्शन गरिँदै ।



नेकाले निकालेको विजय जुलुसमा छाताको अपमान गरिँदै । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ८ मङ्सिर/

आचारसंहिताविपरीत पर्सामा राजनीतिक दलहरूले विजय जुलुस निकालेका छन् । विजय जुलुस निकाल्दा पराजित उम्मेदवारको चुनाव चिह्नलाई जितेका उम्मेदवारहरूले अपमान गर्दै प्रदर्शन गरे ।

प्रतिनिधिसभा सदस्यमा १ (१)बाट जितेका जसपाका प्रदीप यादवको बुधवार साँझ निस्केको विजय जुलुसमा उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार अजयकुमार द्विवेदीको चुनाव चिह्न माछा छापको अपमान गरिएको थियो । ज्यूँदो माछालाई विजय जुलुसमा सहभागी जसपाका कार्यकर्ताले निमोठेर प्रदर्शन गरेका थिए साथै बाँसको फाटामा माछा रोपेका थिए ।

यसैगरी, प्रतिनिधिसभा क्षेत्र नं २ बाट वाम–लोकतान्त्रिक गठबन्धनबाट नेपाली काङ्ग्रेसका अजयकुमार चौरसिया, क्षेत्र नं २ (१)बाट प्रदेशसभा सदस्य श्याम पटेल र २ (२)बाट लोसपाका रमेश कुर्मी सम्मिलित बिहीवार निकालिएको संयुक्त विजय जुलुसमा जसपाको चुनाव चिह्न छाता छापको अपमानजनकरूपमा प्रदर्शन गरिएको थियो । नेका र लोसपाका कार्यकर्ता सम्मिलित विजय जुलुसमा छातालाई च्यात्ने, लात्तीले हान्नेजस्ता कार्य गरिएको थियो ।

# घातमा परेका पराजित उम्मेदवारहरूको प्रतिक्रिया



छोटेलाल यादव | अब्दुल करिम अन्सारी | शेख चाँदतारा

प्रस, वीरगंज, ८ मङ्सिर/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको मतपरिणामपछि पराजय भोगेका उम्मेदवारहरूले गठबन्धनको नाममा राजनीतिक करियर सिध्याइएको आरोप लगाएका छन् । उनीहरूले यसपालिको चुनावमा दल तथा गठबन्धनले असहयोग गरेको गुनासो गरे ।

वाम–लोकतान्त्रिक गठबन्धन र एमाले–जसपा गठबन्धनका कारण आफूहरूको आर्थिक, सामाजिक तथा राजनीतिक करियर सिद्धिएको बताए । गठबन्धन नाम मात्रको रहेको र सबैले एकअर्कामाथि घात गरेको उनीहरूको आरोप छ ।

सत्ता गठबन्धनका साझा उम्मेदवारको रूपमा पर्सा निर्वाचन क्षेत्र ३ (१)बाट चुनाव लडेका छोटेलाल यादवले आफूमाथि घात भएको आरोप लगाए । चुनावमा पराजय भोगेको कारण ठूलो आर्थिक सङ्कटमा परेको बताए ।

चुनावी अभियानमा सहयोग गरिरहेका वरिष्ठ नेताहरूले नै सूचना चुहाएर घात गरेको भन्दै सामाजिक सञ्जालमा दुःखेसो पोखेका छन् । उनले अन्य क्षेत्रका उम्मेदवारलाई आफूले सघाएको तर गठबन्धनको मुख्य दल नेपाली काङ्ग्रेसले नै आफ्नो क्षेत्रमा धोका दिएको आरोप लगाए ।

सोही क्षेत्रबाट जसपा–एमाले गठबन्धनका उम्मेदवारअब्दुल करिम अन्सारी (मन्जुर)ले गठबन्धनबाट भन्दा स्वतन्त्ररूपमा लडेको भए जित्ने दाबी गरे । एमाले र जसपाले छुट्टाछुट्टैरूपमा स्वतन्त्रको नाममा बागी उम्मेदवार खडा गरेको र एमालेले पनि असहयोग गरेको कारण आफूले पराजय भोग्नुपरेको उनले प्रतिक्रिया दिए ।

सत्ता गठबन्धनबाट प्रदेशसभा सदस्यका उम्मेदवार शेख चाँदताराले पनि गठबन्धनमाथि दोषारोपण लगाइन् । उनले गठबन्धनले असहयोग गरेको कारण पराजय भोग्नुपरेको बताइन् । उनले आफ्नो जन्मस्थल सोही क्षेत्रमा भएपनि बाहिरको उम्मेदवार हो भनी झूटो प्रचारबाजी गरेका कारण आफूलाई कम मत परेको आरोप लगाइन् ।


## हार्दिक बधाई एवं शुभकामना



प्रदीप यादव | अजय चौरसिया | राजकुमार गुप्ता | रमेश रिजाल

पर्सा क्षेत्र नं १ बाट प्रदीप यादव, क्षेत्र नं २ बाट अजयकुमार चौरसिया, क्षेत्र नं ३ बाट राजकुमार गुप्ता र क्षेत्र नं ४ बाट रमेश रिजाल प्रतिनिधिसभा सदस्यमा तथा पर्सा क्षेत्र १ (१)बाट रहबर अन्सारी, १ (२)बाट लालबाबूराउत गद्दी, २ (१)बाट श्याम पटेल, २ (२)बाट रमेश कुर्मी, ३ (१)बाट प्रमोद जयसवाल, ३ (२)बाट जनार्दनसिंह क्षत्री, ४ (१) बाट शङ्कर चौधरी र ४ (२) बाट सिंहासन साह कलवार प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएकामा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिसहित सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सुरेशप्रसाद कुर्मी** (अध्यक्ष)

**नेपाल निर्माण व्यवसायी सङ्घ, पर्सा परिवार**

## विचारसार र सूक्तिहरू

**जीवनमा जब बालपनको खेल समाप्त हुन्छ ... त्यसपछि भाग्यको खेल शुरू हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## गठबन्धन

**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको सम्पन्न निर्वाचनमा भएको दलीय गठबन्धनमा केही दललाई फाप र केही दललाई अफाप देखिएको छ । दुई गठबन्धनमध्ये नेपाली काङ्ग्रेस नेतृत्वको सत्तापक्षीय गठबन्धनमा नेपाली काङ्ग्रेस र नेकपा (एकीकृत समाजवादी)लाई गठबन्धन फापेको देखियो। प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ सिटमध्ये ७३ सिटसम्मको गणना हुँदा सबैभन्दा बढी फाइदा नेकपा (एस)लाई देखिएको छ। त्यसपछि नेपाली काङ्ग्रेसलाई गठबन्धन फाप्यो। समानुपातिकतर्फको मतगणना भइरहँदा दलले पाएको मत अनुसार नेकपा (एस)को जनाधार सोचेभन्दा कमजोर देखिएको छ । यद्यपि प्रत्यक्षतर्फको निर्वाचनमा उसले राम्रै सिट जित्दैछ। समानुपातिकतर्फ ४० हजार ६७८ मत नेकपा (एस)ले प्राप्त गर्दा उसले प्रत्यक्षतर्फ सात सिट जित्यो। सोही गठबन्धनकै अर्को दल नेकपा माओवादी केन्द्रले समानुपातिकतर्फ दुई लाख ७८ हजार ६२ मत प्राप्त गर्दा प्रत्यक्षतर्फ नौ सिट मात्रै जितेको छ। नेपाली काङ्ग्रेसले समानुपातिकतर्फ पाँच लाख ७२ हजार ६९८ मत प्राप्त गर्दा प्रत्यक्षतर्फ ३२ सिट जितेको छ। सो तुलनामा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले छ लाख ३८ हजार आठ मत प्राप्त गर्दा प्रत्यक्षतर्फ २० सिट मात्रै जितेको छ। यो आधारमा दाँज्दा नेपाली काङ्ग्रेसलाई पनि गठबन्धन फापेको हो ।**

**सत्तापक्षीय गठबन्धन नेकपा माओवादीलाई फापेन । त्यसैगरी, टुटफुटको राजनीतिका कारण लोसपालाई पनि अपेक्षित जनमत नआउनु स्वाभाविक हो । उसले समानुपातिकतर्फ ३३ हजार ३४६ मत प्राप्त गर्दा प्रत्यक्षतर्फ दुई सिट हात पार्न सफल भएको छ। प्रतिपक्षी गठबन्धनभन्दा सत्तापक्षीय गठबन्धनको मत निकै बढी रहेका क्षेत्रहरूमा समेत माओवादी उम्मेदवार नराम्ररी पराजित भए । तर नेपाली काङ्ग्रेस वा नेकपा (एस)ले उम्मेदवारी दिएका क्षेत्रहरूमा अधिकांशले जीत हासिल गरेको देखिन्छ। यसको मतलब माओवादी पक्षले गठबन्धनमा इमानदारिता देखाएको भन्नुपर्छ। अर्कोतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा एमाले नेतृत्वको गठबन्धनमा पनि एमाले र राप्रपाबीचको केही मुख्य सिटहरूमा तालमेल राम्रै देखियो तर जसपासँगको तालमेल मिलेन । यसमा दुवै दलको दोष छ। एमालेलाई दिएको क्षेत्रमा जसपाका नेताहरू बागी तथा स्वतन्त्रको रूपमा उत्रिए । त्यसैगरी, जसपालाई दिइएको क्षेत्रमा एमालेका नेता, कार्यकर्ताहरू विद्रोहमा उत्रिए। जसपासँग तालमेल गरेकै विरोधमा एमालेका प्रभु साह नेतृत्वका स्वतन्त्रहरूले एमालेलाई नै आफत पारिदिए।**

**सत्तापक्षीय गठबन्धनमा नेपाली काङ्ग्रेस पक्षधरले माओवादीलाई भन्दा स्वतन्त्रलाई मतदान गर्नुको पनि कारण छ। गठबन्धनमा चुनाव लड्ने भएपछि प्रधानमन्त्रीको लागि गठबन्धनका सबै दलको सहमतिमा एउटा नाम आउनुपर्थ्यो। नेपाली काङ्ग्रेसभित्रै प्रधानमन्त्रीमा देउवा, थापा र राणाको नाम आए पनि घोषणा गर्न नसकिरहेको अवस्थामा माओवादीले अध्यक्ष प्रचण्डलाई भावी प्रधानमन्त्रीको रूपमा घोषणा गऱ्यो। यो गठबन्धनको धर्म अनुसार भएन । चुनावअगाडि नै धर्म छाडेपछि सशङ्कित नेकाले माओवादीलाई मतपत्रमा छट्यो । अर्कोतर्फ माओवादी युद्धको समयमा सबैभन्दा पीडित नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ता हुन्। उनीहरू अझै पनि माओवादीलाई दोषी ठान्छन् । यो अवस्थामा माओवादी पक्षले अलिकति पनि शङ्कास्पद गतिविधि गर्दा उनीहरूलाई पुरानो घाउ बल्झन्छ। फेरि पनि एउटाको मत लिनु र अर्कोले नदिनु राजनीतिक बेइमानी हो। असर दीर्घकालीन हुन्छ।**

# जिएसआईमा सहभागिता देशको असंलग्न नीतिविपरीत

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

> **उत्तरी छिमेकी चीनबाहेक विश्वका कुनै पनि देशसँगको सम्झौतामा आशङ्का व्यक्त गर्ने गरिन्छ तर त्यसलाई नेपाली राष्ट्रियताको निम्ति घातक बताउने गरिन्छ तर त्यही उत्तरी छिमेकीसित सम्बन्धित हुँदा त्यसलाई राष्ट्रहितमा ठान्ने गरिन्छ ।**

परराष्ट्र मन्त्रालयको अदूरदर्शिताले नेपाल सहभागी नहुनुपर्ने एक अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीको सहभागिता हुन पुग्यो। चीनका राष्ट्रपति सी जिनपिङले अघि सारेको सुरक्षासम्बन्धी कार्यक्रम 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)'को भर्चुअल सम्मेलनमा राष्ट्रपतिको सहभागिता हुन पुग्नु नेपालको असंलग्न परराष्ट्र नीतिमाथि पनि प्रश्नचिह्न उठेको देखियो । असोजको पहिलो सातामा भएको यस सम्मेलनको प्रभाव भोलिका दिनमा पनि नेपालको परराष्ट्रनीतिमाथि पर्ने निश्चित छ ।

सन् २०२२ को अप्रिलमा आयोजित बोआओ फोरम फर एशियाको वार्षिक कार्यक्रममा सम्बोधन गर्दै चिनियाँ राष्ट्रपति सीले जिएसआईलाई अघि सारेका थिए। राष्ट्रपति सीले अमेरिकाले अघि सारेको इन्डो–प्यासिफिक रणनीति (आइपिएस) र क्वाड (अमेरिका, जापान, अस्ट्रेलिया र भारत) समूहको औचित्यमाथि प्रश्नचिह्न उठाउँदै चीनको नेतृत्वमा जिएसआईलाई प्रस्ताव गरेका हुन् । नेपाल सरकारले भने असंलग्न परराष्ट्रनीति लिंदै कुनै पनि मुलुकसँगको सैन्य वा सुरक्षा गठबन्धनमा सहभागी नहुने निर्णय गरेको थियो। यही कारण केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले आइपिएसमा सहभागिता नजनाउने निर्णय गरेको थियो। त्यसपछि यसै वर्षको असार ६ मा आइपिएस अन्तर्गत रहेको अमेरिकी कार्यक्रम स्टेट पार्टनरशिप प्रोग्राम (एसपिपी)मा सहभागिता नजनाउने निर्णय गऱ्यो। तर हाल नेपालले चीनले अघि बढाएको सुरक्षासम्बन्धी कार्यक्रममा सहभागिता जनाएको छ । चीनले पटक–पटक जिएसआईमा नेपालको साथ रहेको उल्लेख गरे पनि नेपाल सरकारबाट तत्काल कुनै प्रतिक्रिया आएको थिएन।

सीले अघि सारेका जिएसआई सुरक्षा कार्यक्रममा नेपाललाई समेत पटक–पटक मुछेको भनेर पूर्वउपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालाले गत भदौ २१ मा प्रतिनिधिसभा बैठकमा नेपाल सरकारसँग प्रश्न पनि गरेकी थिइन् । त्यसबारे नेपाल सरकारसँग प्रश्न गर्दै उनले चिनियाँ राष्ट्रपति सीले अघि बढाएको सुरक्षासम्बन्धी कार्यक्रममा नेपालकी राष्ट्रपति कसरी सहभागी भइन् भनी प्रश्न उठाइन् ।

राष्ट्रपति भण्डारीले चाइनिज पिपुल्स एशोसिएशन फर पिस एन्ड डिसआर्मामेन्ट (सिपिएसपिडी)द्वारा आयोजित कार्यक्रममा भिडियोमार्फत् सम्बोधन गरेकी थिइन्। संयुक्त राष्ट्रसङ्घले सन् १९८१ देखि मनाउँदै आएको अन्तर्राष्ट्रिय पिस डेको सन्दर्भमा बेइजिङमा विश्वमा शान्ति र स्थायित्व राख्नका लागि ग्लोबल सेक्युरिटी इनिसिएटिभमार्फत पहल गर्ने नाराका साथ कार्यक्रम भएको थियो।

चिनियाँ सरकारी सञ्चारमाध्यम चाइना डेलीका अनुसार उक्त कार्यक्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिया गुटरेससहित करीब विभिन्न ५० मुलुकका विदेशी कूटनीतिज्ञले सहभागिता जनाएका थिए । कार्यक्रममा चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)का विदेश विभाग प्रमुख लिउ चियानछाओले पार्टीका महासचिव तथा राष्ट्रपति सीको भाषणलाई पढेर सुनाएका थिए। सीले अन्तर्राष्ट्रिय सुरक्षा स्थितिमा गहिरो र जटिल परिवर्तन भएको, विश्व अशान्ति र परिवर्तनको नयाँ परिवेशमा प्रवेश गरिरहेको बताएका थिए । यस ऐतिहासिक मोडमा आफूले विश्वव्यापी सुरक्षाको लागि पहल अगाडि बढाएको, जसले सबै देशलाई साझा, व्यापक, सहयोगात्मक र दिगो सुरक्षा कायम गर्न आह्वान गर्दछु," सीको सन्देशमा उल्लेख थियो।

सिपिसी अन्तर्गतको (सिपिएसपिडी) मा चीनबाट राष्ट्रपति भण्डारीलाई निम्तो आएपछि उनलाई जानकारी गराइयो र शीतल निवासबाट सहभागिता पनि सुनिश्चित हुन पुग्यो। त्यसपछि परराष्ट्रकै कर्मचारीले भाषणसमेत तयार गरी शीतल निवासमा पठाए किनभने राष्ट्रपतिले गर्ने हरेक अन्तर्राष्ट्रिय क्रियाकलाप परराष्ट्र मन्त्रालयमार्फत हुन्छ। राष्ट्रपति कार्यालयमैं परराष्ट्र मन्त्रालयमार्फत आएको भाषणलाई भिडियोमा रेकर्ड गरेर त्यस कार्यक्रममा पठाइएको जानकारी राष्ट्रपतिका प्रेसविज्ञको रहेको छ । शुरूमा राष्ट्रपतिलाई पत्राचार गरिसकेपछि बल्ल परराष्ट्र मन्त्रालयलाई जानकारी हुन पुग्यो कि सिपिएसपिडीको यो कार्यक्रम सामान्य प्रकृतिको रहेको छैन। यसमा ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)माथि छलफल हुनेछ ।

कार्यक्रमको नारा नै विश्वमा शान्ति र स्थायित्व राख्नका लागि ग्लोबल सेक्युरिटी इनिसिएटिभमार्फत पहल गर्ने थियो। जिएसआईमा छलफल हुने थाहा पाएपछि परराष्ट्रले राष्ट्रपतिलाई जानकारी पनि गरायो तर पहिले नै कार्यक्रममा सहभागिता जनाउने प्रतिबद्धता गरिसकिएको जवाफ आयो। त्यसपछि परराष्ट्र मन्त्रालयका कर्मचारीले प्रधानमन्त्रीको कार्यालय र अन्य निकायमार्फत समेत यसमा पहलको प्रयास गरेको थियो तर एक कार्यक्रममा पहिला सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरिसकेपछि त्यसबाट फर्कन उचित नहुने जवाफ पनि आउन थाल्यो । परिस्थितिमा परिवर्तन आउने सम्भावना नदेखेपछि प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकारले राष्ट्रपतिले कुनै एक कार्यक्रममा सहभागिता जनाए पनि नेपालले अहिलेसम्म आफ्नो असंलग्न परराष्ट्रनीतिका कारण कुनै पनि सुरक्षा गठबन्धनमा आफ्नो सहभागिता र समर्थन नजनाउने सरकारको नीति नै रहेको प्रस्टयाउँदै जिएसआईको सम्बन्धमा छलफल हुने कार्यक्रममा राष्ट्रपतिको सहभागिताबारे सुनेको तर त्यो छलफल मात्रै रहेकोले त्यसले नेपाल सरकारले परराष्ट्रनीतिमा र असंलग्नताको मूल्य मान्यताभित्र पर्दैन भने आश्वस्त पार्न खोजेको छ ।

केही पूर्वराजदूत र परराष्ट्रविज्ञहरूका अनुसार नेपालले कुनै पनि सुरक्षा सम्बन्धित सङ्गठनसँग सहकार्य गर्नुहुँदैन । नेपालले सुरुआतदेखि नै असंलग्न परराष्ट्रनीति अपनाएकोले सुरक्षा सहमति गर्न नहुने सुझाव दिएका छन् । नेपालले आर्थिक सहायता र मानवीय सहायता लिंदा फरक पर्दैन तर सुरक्षा सहकार्य गर्नु फरक कुरा हो । हुन पनि नेपालले सन् २०१८ को सेप्टेम्बरमा बिमस्टेक सैन्य अभ्यासमा सहभागिता जनाएको थिएन तर जिएसआईमा सहभागी हुनु असंलग्नताको सिद्धान्तविपरीत हुन सक्नेछ। एक विज्ञको अनुसार नेपालले चीनको चासोलाई पूरा गर्दै आइरहेकोमा यो नयाँ जिएसआई के हो भन्ने बुझ्नुपर्ने बताए । जिएसआईको उद्देश्य के हो ? यसको रणनीति के हो बाहिर आएको छैन र नेपाल सरकारले यसबारे गहिरो अध्ययन गरेर मात्रै निर्णय लिंदा उचित हुने उनको सुझाव छ ।

आइपिएस, बिमस्टेक, एसपिपी आदिको कार्यमा सहभागिताको विषय आउँदा हाम्रो राष्ट्रियता जागृत भएर आउँछ तर जब विषय चीनसित सम्बन्धित हुन्छ अनि त्यसमा केही पनि सोचविचार गर्नुपर्ने अवस्था उत्पन्न हुँदैन। एमसिसीलाई संसद्बाट पारित गराउन कति बढी कसरत गर्नुपरेको थियो तर जब कुरा बिआरआईको आयो अनि सोझै सहमति र समर्थन जनाउने काम भयो। वर्तमान सरकारले बिआरआई अन्तर्गतको आर्थिक अनुदान लिने तर ऋण भने नलिने जुन सन्देश प्रवाहित गरेको छ अथवा आफ्नो नीति प्रस्ट पारेको छ, त्यसको प्रशंसा गर्नैपर्छ । राष्ट्रपतिलाई कुनै विषयबारे जानकारी गराउँदा त्यसबारे शुरूमैं गहन छानबीन गर्न सक्नुपर्दछ, त्यसमा पनि कुनै सुरक्षा सहकार्य अथवा सुरक्षा छाताजस्तो विषय आउँदा त्यसले अवश्य नै हाम्रो असंलग्न परराष्ट्रनीतिलाई प्रभावित गर्ने काम गर्दछ।

उत्तरी छिमेकी चीनबाहेक विश्वका कुनै पनि देशसँगको सम्झौतामा आशङ्का व्यक्त गर्ने गरिन्छ तर त्यसलाई नेपाली राष्ट्रियताको निम्ति घातक बताउने गरिन्छ तर त्यही उत्तरी छिमेकीसित सम्बन्धित हुँदा त्यसलाई राष्ट्रहितमा ठान्ने गरिन्छ। राष्ट्रपतिबाट यस कार्यक्रममा आफ्नो सहभागिता नजनाइएको भए त्यसले हाम्रो असंलग्न परराष्ट्रनीतिलाई अझ बलियो बनाउने थियो तर परराष्ट्र मन्त्रालयका अधिकारीबाट गलती त भएकै हो।

# समानुपातिकतर्फ एमालेको अग्रता कायमै

काठमाडौं, ८ मङ्सिर/रासस

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले)को अग्रता कायमै देखिएको छ । आज अपराह्न ७:४५ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार एमालेले सात लाख १४ हजार ७०३ मत प्राप्त गरेको छ।



तस्वीरः रासस

नेपाली काङ्ग्रेसले छ लाख ७७ हजार १६०, राष्ट्रिय स्वतन्त्र पार्टीले तीन लाख ३९ हजार २१०, नेकपा (माओवादी केन्द्र)ले तीन लाख १५ हजार ८८०, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ६४ हजार २७८, नेपाल मजदूर किसान पार्टीले ५२ हजार ६६९, जनता समाजवादी पार्टी नेपालले ९६ हजार ४०३, जनमत पार्टीले ५५ हजार ३१५, नागरिक उन्मुक्ति पार्टीले ५३ हजार ७८१ र नेकपा (एकीकृत

(बाँकी अन्तिम पातामा)

### मिलीजुली सरकार बनाउनुपर्ने अवस्था आयो -अध्यक्ष ओली

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अब मुलुकमा मिलीजुली सरकार निर्माण गर्नुपर्ने अवस्था आएको बताएका छन् ।

झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओलीले झापाको दमकस्थित निर्वाचन आयोगमा प्रमाणपत्र ग्रहण गर्दै सो धारणा राखेका हुन् ।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले)ले मुलुकमा स्थिरता, स्थायित्व कायम गर्न खोजेको तर त्यस अनुसार निर्वाचनको परिणाम भने नआएकाले मिलीजुली सरकार बनाउनेतर्फ राजनीतिक दल लाग्नुपर्ने अवस्था सिर्जना भएको बताए ।

उनले अबको एक/दुई वर्ष बहुमतको सरकार बनाउन गाऱ्हो हुने र बहुमतको सरकार बनिहाले पनि टिकाउन गाऱ्हो हुने उनले बताए ।

यो निर्वाचन परिणामले मुलुक अस्थिरतातर्फ जाने खतरा बढेको उनले तर्क गरे ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## यो चुनावपछिको अर्थतन्त्र

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**यो निवार्चनले राजेन्द्र लिङ्देन, रवि लामिछाने, डा तोसिमा कार्की, सोविता गौतमजस्ता स्वस्छ छवि भएका व्यक्तिहरूलाई संसद्मा प्रवेश गर्ने अवसर दिएको छ। आफ्नो छवि सदा स्वच्छ राख्छौं र भ्रष्टाचार गर्दैनौं भनी यी व्यक्तिहरूले सार्वजनिकरूपमा भन्दै आएका छन्।**

हालै सम्पन्न चुनावको सम्पूर्ण परिणाम आइसकेको छैन । सम्पूर्ण परिणाम आउन अझै केही दिन लाग्नेछ। निर्वाचनको सम्पूर्ण परिणाम आएको भए अब नेपालको अर्थतन्त्रले कस्तो गति लिने हो र यसको स्वरूप र प्रकृति कस्तो हुने हो भनी यकीन गर्न सजिलो हुने थियो। तर पनि, प्रारम्भिक परिणामले जुन किसिमको सङ्केत दिएको छ त्यसले चुनाव पछि नेपालको अर्थतन्त्र कस्तो हुने हो त्यो अनुमान लगाउने आधारहरू प्रदान गरेको छ। यस लेखमा सङ्घीय चुनावको परिणामलाई आधार मानेर विश्लेषण गर्ने प्रयास गरिने छ। वित्तीय, मौद्रिक, व्यापारिक, लगानीजस्ता क्षेत्रमा राष्ट्रिय नीति बनाउनुपर्ने र राष्ट्रिय नीति प्रतिनिधि सभाले बनाउने हुनाले सङ्घीय चुनावको नतीजाको विश्लेषण गरिएको हो ।

अहिलेसम्मको चुनावी परिमाण हेर्दा दुई परम्परागत राजनीतिक शक्तिहरू– नेपाली काङ्ग्रेस (नेका) र नेपाल कम्युनिस्ट पार्टी एमाले (एमाले) नै नेपालको राजनीतिमा निर्णायक शक्ति हुने र नेपालको राजनीतिलाई उनीहरूको क्रियाकलापले नियन्त्रित एवं निर्देशित गर्ने देखिएको छ। एमालेले अन्य दलहरूसँग मिलेर सरकार निर्माण गरे तापनि वा नेकाले अन्य दलहरूसँग मिलेर सरकार निर्माण गरे पनि, राष्ट्रिय अर्थ एवं राजनीतिमा यी दुई राजनीतिक दलहरूको नियन्त्रणकारी भूमिका रहने छ। र यी दलहरूले विगतमा जे जस्ता आर्थिक नीति–नियम निर्माण गरे त्यस्तै नीति, नियमले निरन्तरता पाउने निश्चित छ। कुनै नयाँ किसिमको आर्थिक नीति–नियम, योजना आउने सम्भावना छैन। महँगी, बेरोजगारी, व्यापार घाटाजस्ता समस्या यथावत् रहनेछन्।

यो चुनावमा विजयी भएर स्वतन्त्र उम्मेदवार र युवाहरूको संसद्मा ठूलो सङ्ख्यामा प्रवेश भएको भए नेपालको अर्थनीतिमा ठूलो सुधार वा परिवर्तनकारी नीति, नियम, योजना आदि आउने अपेक्षा गर्न सकिन्थ्यो। तर युवा र स्वतन्त्रहरूको विजय ठूलो परिमाणमा हुने सङ्केत देखिएको छैन। युवा र स्वतन्त्रहरूलाई पत्याएर आर्थिक विकासका सम्भावनाको खोजी गर्न मतदाताहरूले नचाहेको स्थिति छ। देखिएको पनि त्यस्तै छ। काठमाडौंमा परम्परागत राजनीतिक शक्तिका कर्ता (actor) प्रकाशमान सिंहलाई जनताले पटकपटक पत्याएर विजयी बनाउनु र नयाँ राजनीतिक शक्तिका कर्ता रवीन्द्र मिश्रलाई एकपटकका लागि भएपनि नपत्याउनुले नेपाली जनताको रुझान परम्परागत राजनीतिक शक्तिप्रति अझै बलियो रहेको पुष्टि गर्दछ। नेकाका प्रकाशमान सिंह परम्परागत राजनीतिक शक्तिका पात्र त हुन् नै, देउवा नेतृत्वको त्यस्तो काङ्ग्रेस पार्टी, जसको गतिविधिले जनतामा अति नै वितृष्णा फैलिएको छ, एक शक्तिशाली नेता पनि हुन्। नेपाली काङ्ग्रेसले गरेको गठबन्धनलाई धेरैले 'ठगबन्धन' भनेका थिए। तर त्यही ठगबन्धनलाई बलियोगरी पत्याए पनि। यस्तो स्थितिमा परिवर्तनको एक विम्बको रूपमा आएका रवीन्द्र मिश्र पराजित हुनु अनौठो घटनाको रूपमा देखिएको छ। रवीन्द्र मिश्रको राजनीतिक अडान र उद्देश्यमा परिवर्तन आए पनि, उनी नेपाली राजनीतिका लागि दिशा परिवर्तनको सम्भावनाको रूपमा उदाएका थिए।

नेकाको क्रियाकलापबाट जनता अति रुष्ट देखिएको थियो। त्यस हिसाबले नेकाका धेरै उम्देवार हार्नुपर्ने थियो, तर उल्टो उनीहरूले धेरै स्थानमा विजय हासिल गरेका छन्। अर्थात् गठबन्धन (ठगबन्धन) ले जनताबाट अनुमोदन पाएको छ। नेपाली राजनीतिको यस विचित्र स्थितिले के देखाउँछ भने नेपाली जनताले नौलो परिवर्तन चाहेको छैन। पत्रपत्रिका, रेडियो, टिभी एवं सामाजिक सञ्जालहरूमा नेका, माओवादी, एकीकृत समाजवादी र एमालेका नेताहरूको जतिसुकै आलोचना गरिए पनि। एमालेका धेरै नेताले चुनावमा आशा गरिएभन्दा निकै स्थानमा विजय हासिल गर्नुले पनि यसै कुराको पुष्टि गरेको छ। एमालेको यो विजयले थप के पुष्टि भएको छ भने नेपालीहरूले यी पुराना नेताहरूको जति नै आलोचना गरे तापनि अन्तमा यी नेताहरूलाई नै संसद्मा हेर्न चाहन्छन्। केपी ओलीको जनस्तरमा जतिसुकै आलोचना भए पनि, मतदान केन्द्रले उनी अति नै लोकप्रिय रहेको प्रदर्शित र पुष्टि भएको छ। उनलाई बार्दलीबा, प्रतिगामी, अधिनायकवादी, उखान–टुक्का बाजे आदि जे भने पनि।

डडेलधुरामा सागर ढकालको र गोरखामा अब्दुस मियाँको पराजय भएमा अनोठो मान्नुपर्नेछैन, किनभने उनीहरूलाई परम्परागत शक्ति सत्तामा रहोस् भनी चाहना राख्ने जनताले पराजित गराएको मान्नुपर्छ। शेरबहादुर देउवा र पुष्पकमल दाहालको जतिसुकै आलोचना भए तापनि त्यो केवल ओठे आलोचना रहेछ, यथार्थमा नेपाली जनता उनीहरूलाई सदा शक्ति र सत्तामा देख्न चाहन्छ भनी मान्नुपर्छ। नेपाली जनता परम्परागत राजनीतिक शक्तिलाई सत्तामा देख्न चाहन्छ। यो शक्तिले देशमा बेरोजगारी, महँगी बढाए तापनि।

हाम्रो राष्ट्रिय राजनीतिको चरित्र यस्तो किसिमको छ कि भित्र एउटा, बाहिर अर्को रहेको अवस्थामा यो चुनावले नेपालको अर्थतन्त्रमा कुनै सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गर्न सकिंदैन। तर यस चुनावले एउटा विशेष परिस्थिति भने निर्माण गरेको छ। र त्यो विशेष परिस्थिति नौलो र केही हदसम्म परिवर्तनकारी हुन सक्ने विश्वास गर्न सकिन्छ। त्यो विशेष परिस्थिति सङ्घीय संसद्मा केही स्वतन्त्र र स्वच्छ छवि भएका र चुनावपूर्व आफूलाई इमानदार प्रदर्शित गर्दै भ्रष्टाचार गर्दिनँ भनी बाचा गर्नेहरूको प्रवेश हुनु हो। यो निवार्चनले राजेन्द्र लिङ्देन, रवि लामिछाने, डा तोसिमा कार्की, सोविता गौतमजस्ता स्वच्छ छवि भएका व्यक्तिहरूलाई संसद्मा प्रवेश गर्ने अवसर दिएको छ। आफ्नो छवि सदा स्वच्छ राख्छौं र भ्रष्टाचार गर्दैनौं भनी यी व्यक्तिहरूले सार्वजनिकरूपमा भन्दै आएका छन्। राजेन्द्र लिङ्देनले त 'भ्रष्टाचार गर्नु आमाको रगत खानु' सार्वजनिकरूपमा भन्दै आएको र उनले आफ्नो यो भनाइलाई चुनावी वाचा (नारा) समेत बनाएको हुनाले अबका दिनमा नेपालमा आर्थिक भ्रष्टाचार, केही मात्रामा भए पनि, नियन्त्रण हुने आशा गर्न सकिन्छ। यो चुनावले अबका दिन भ्रष्टाचार गर्न गाह्रो पार्ने र मुख्यगरी कर्मचारीतन्त्रमा हुने भ्रष्टाचार रोक्न सघाउ पुऱ्याउने देखिन्छ।

परम्परागत राजनीतिक शक्तिहरू नेका, एमाले, माओवादी आदि आफ्नो फाइदाका लागि एकअर्कासँग मिल्ने तर फाइदा नहुने स्थितिमा देशको अर्थतन्त्र नै सुस्त पार्नेगरी काटाकाट गर्ने स्थितिलाई, संसद्मा भएको नयाँ व्यक्तिहरूको प्रवेशले नियन्त्रण गर्न सघाउ पुऱ्याउनेछ। यसैगरी दलहरूलाई फाइदा हुने तर देशलाई आर्थिकरूपमा फाइदा नहुने नीति, नियम, योजना आदि कार्यान्वयन गर्न अब परम्परागत राजनीतिक शक्ति (नेका, एमाले, माओवादी)हरूलाई अब पहिलेजस्तो सजिलो हुनेछैन।

अहिलेसम्मको स्थिति हेर्दा राजनीतिक दलहरूले सर्वप्रथम आफ्नो दल र नेताको हितलाई उच्च स्थानमा तथा देश र जनताको हितलाई दोस्रो स्थानमा राखेको देखिएको छ। र यो स्थितिमा नियन्त्रण हुन गाह्रो थियो किनभने दलहरूले आफूलाई फाइदा हुने नीति नियम बनाउँथे। त्यसमा कुनै मतभेद हुन्थेन। तर अब यो स्थितिमा पनि परिवर्तन हुनेछ, किनभने यो निर्वाचनले दल र नेतालाई भन्दा देश र जनतालाई प्राथमिकता दिनेहरूलाई संसद्मा पुऱ्याएको छ, त्यस्ताहरूको सङ्ख्या थोरै भए पनि।

गएका चुनावहरूभन्दा यो चुनाव केही मात्रामा भए पनि पृथक देखिएको छ। थोरै मात्रामा भए पनि नेपाली मतदाताको चेतनाको स्तरमा वृद्धि भएको सङ्केत यस चुनावले दिएको छ। पुष्पकमल दाहाल जस्ता नेपाली राजनीतिका खलनायकलाई गोर्खातिर धकेलेर स्वच्छ छवि भएका (अहिलेसम्मका लागि) रवि लामिछानेलाई चितवनका मतदाताहरूले रोज्नुलाई नेपाली राजनीतिले नयाँ दिशा लिन थालेको सङ्केत गरेको छ। र यो सङ्केतले भोलिका दिनहरूमा नेपालको अर्थतन्त्र राम्रो हुने आशा दिएको छ। हेर्दै जाऔं। सम्भावनाहरू धेरै छन्।

## महालक्ष्मीको २२औं साधारणसभा सम्पन्न




प्रस, वीरगंज, ८ मङ्सिर/

महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को २२औं साधारणसभा बिहीवार गहवामाई अतिथि सदनमा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष ईश्वरचन्द्र गौतमले आव २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले रु पाँच करोड ६९ लाख आम्दानी गरेको बताए। उनले रु तीन करोड पाँच लाख खर्च भई सञ्चालन मुनाफा दुई करोड ६४ लाख भएको बताए। उनले संस्थाका सदस्यहरूलाई १८ प्रतिशत लाभांश वितरण गरिएको बताए। उनले कार्यक्रममा संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत गहवामाई मन्दिरको अतिथि सदन सौन्दर्यीकरण गर्न रु छ लाख ३९ हजार पारित गरिएको बताए।

कार्यक्रमका प्रमुख अतिथि पर्सा बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष राजेश पडित, संस्थाका शेयरधनी सदस्य मोहन सर्राफ, शेयरधनी सदस्य प्राध्यापक उपेन्द्र पण्डितलगायतले मन्तव्य व्यक्त गरेका थिए।

अध्यक्ष गौतमको सभापतित्वमा भएको कार्यक्रममा स्वागत संस्थाका उपाध्यक्ष अमर राजभण्डारी र धन्यवाद ज्ञापन बालमुकुन्द खरेलले गरेका थिए।



पर्सा जिल्लाको विन्ध्यवासिनी गाउँपालिकाको प्रसौनीमा धानबाली भित्र्याएपछि खेतमा आगो लगाइँदै। यसरी धानको ठुटोमा आगो लगाउँदा गहुँबालीको लागि मल पनि हुने र खनजोत गर्न पनि सजिलो हुन्छ। खेत मलिलो भएकाले आगो लगाएर खनजोतको लागि तयारी गर्छन् भने खेत सुक्खा हुनेले माटो मलिलो गर्न पानी पटाएर धानको जरा उखेल्छन्। तस्वीरः प्रतीक/नितेश कर्ण

### धनुषा–२(२)मा रामआशिष....

धनुषा निर्वाचन क्षेत्र नं ३ (१)बाट नेपाली काङ्ग्रेसका उम्मेदवार रामसरोज यादव दोस्रोपटक निर्वाचित भएका छन्।

सत्ता गठबन्धनको साथ पाएका यादव १७ हजार २९ मत ल्याएर दोस्रोपटक निर्वाचित भएका निर्वाचन कार्यालयले जनाएको छ। उनका निकटतम प्रतिद्वन्द्वी जसपा एमाले गठबन्धनका उम्मेदवार जसपाका जीतेन्द्रकुमार यादवले १३ हजार ४५९ मत पाए। त्यस्तै, जनमत पार्टीका उम्मेदवार डा प्रसन्नकुमार झाले सात हजार १८६ मत पाए।

**चितवन क्षेत्र नं २ मा रवि लामिछानेको जीत**

चितवन क्षेत्र नं २ मा भारी मतका साथ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने निर्वाचित भएका छन्।

लामिछाने ३४ हजार १६२ मतान्तरले निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ। तर औपचारिक घोषणा हुन बाँकी छ।

उनले ४९ हजार २६१ मत प्राप्त गरे भने उनका निकटतम प्रतिस्पर्धी लोकतान्त्रिक–वाम गठबन्धनतर्फबाट उमेश श्रेष्ठले १५ हजार ९९ मत प्राप्त गरे। सोही क्षेत्रमा नेकपा (एमाले)का कृष्णभक्त पोखरेलले १४ हजार ६४९ मत प्राप्त गरेका थिए।

यस क्षेत्रमा ६७.३ प्रतिशत अर्थात् ८४ हजार ३१५ मत खसेको थियो। लामिछानेलाई निकटतम प्रतिस्पर्धी प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले बधाई दिएका छन्।

**सर्लाही क्षेत्र नं १ मा वाम–लोकतान्त्रिक गठबन्धनका चौधरी विजयी**

सर्लाही क्षेत्र नं १ मा वाम–लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का रामप्रकाश चौधरी विजयी भएका छन्।

उनले नेकपा (एमाले)बाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएको लालबन्दी नगरपालिकाका निवर्तमान नगरप्रमुख मानबहादुर खड्कालाई पराजित गरेका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेपाल प्रहरीका पूर्व प्रहरी निरीक्षकसमेत रहेका चौधरीले २४ हजार ८३८ मत पाउँदा खड्काले १८ हजार ४०४ मत प्राप्त गरेका थिए। चौधरीले खड्काभन्दा छ हजार ४३४ बढी मत ल्याएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्।

सर्लाही–१ बाट प्रतिनिधिसभातर्फ चौधरीसहित १० जना चुनावी मैदानमा रहेका थिए। तेस्रो स्थानमा रहेका जनता समाजवादी पार्टी नेपाल (जसपा)का नेता सोही क्षेत्रका निवर्तमान प्रतिनिधिसभा सदस्यसमेत रहेका प्रमोद साहले १४ हजार २५५ मत प्राप्त गरेका छन्। चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा अन्य क्षेत्रको मतगणना जारी रहेको छ।

**सिराहा–३ प्रदेशसभा (१)मा एमालेका सिंह विजयी**

प्रदेशसभा अन्तर्गत सिराहा निर्वाचन क्षेत्र नं ३ (१)बाट नेकपा (एमाले)का उम्मेदवार मनोजकुमार सिंह विजयी भएका छन्। मुख्य निर्वाचन अधिकृत काजीबहादुर राईले दिएको जानकारी अनुसार सिंहले १५ हजार ८८६ मत प्राप्त गरी निर्वाचित भएका हुन्।

सिंहका निकटतम प्रतिद्वन्द्वी सत्ता गठबन्धनबाट नेपाली काङ्ग्रेसका उम्मेदवार रामसगुन यादवले १२ हजार ८९९ मत प्राप्त गरे। यस्तै, जनमत पार्टीका उम्मेदवार दुष्यन्तकुमार कर्णले चार हजार ७९३ मत प्राप्त गरे।

**सप्तरी क्षेत्र नं १ को (१)मा एमाले विजयी**

सप्तरी क्षेत्र नं १ को (१)मा प्रदेशसभा सदस्य पदमा नेकपा (एमाले)का राजकुमार लेखी विजयी भएका छन्। सहायक निर्वाचन अधिकृत हरिशङ्कर महतोले लेखी १४ हजार २९१ मत ल्याएर निर्वाचित भएको जानकारी दिए।

उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका शिवनन्दन मेहताले नौ हजार ९३ मत ल्याए। लेखीले पाँच हजार १९८ बढी मतले विजयी भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# आर्थिक विकासको मेरुदण्डः पर्यटन

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**वास्तवमा पर्यटन क्षेत्र नेपालको प्राकृतिक पूँजी हो। हिमाल आरोहण, पदयात्रा, वन्यजन्तु, वनस्पति, दृश्य, सम्पदा, संस्कृति बन्जी–जम्पिङ, क्यानोनिङलगायत क्षेत्र नै नेपालका असीम पर्यटकीय उपहार हुन्। यस्ता सम्पदाको उपयोग गरीबी निवारणसँग जोडिनुपर्छ।**

देशको कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, क्रयशक्ति, रोजगार, उत्पादन र उपभोगलगायत समष्टिगत अर्थतन्त्रको परिसूचक बढ्नु नै आर्थिक वृद्धि हो। विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ। नेपालको सन्दर्भमा पनि मूल्य एवं बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य साधनमा आएको सङ्कुचनका कारण अर्थतन्त्रको पुनरुत्थानसँगै उच्च आर्थिक वृद्धिदर प्राप्त गर्ने दिशामा चुनौती सिर्जना भएको छ। यस्तो अवस्थामा पर्यटन क्षेत्रको विकासले देशको भौतिक विकासमा कायापलट हुन सक्छ। अझ प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा भौगोलिक विविधताका कारण नेपालको विकासमा त पर्यटन क्षेत्रको गहन योगदान रहन सक्छ। तर कोभिड–१९ ले विश्वभर नै पर्यटन उद्योगमा उथलपुथल ल्याएको छ। सन् २०२० को शुरूआतदेखि तीव्ररूपमा फैलिरहेको घातक महामारीका कारण मानिसहरूको आवागमन प्रभावित भएसँगै पर्यटन र आतिथ्य सत्कारमा आधारित व्यवसायको आम्दानी ठप्प भएको थियो।

कोभिड–१९ का कारण प्रभावित पर्यटन उद्योग अझै पुरानो लयमा आउन सकेको छैन। पर्यटन उद्योगले ठूलो सङ्ख्यामा रोजगार सिर्जना गरेको हुन्छ। तर यही क्षेत्र कोभिड–१९ को शिकार भइदिंदा यसमा आश्रित अर्थात् अन्तरआबद्ध व्यवसाय र स्वरोजगारसमेत सङ्कटमा परेको थियो। त्यसैले पर्यटन उद्योग र रोजगार जोगाउन अब बन्ने नयाँ सरकार र निजी क्षेत्रले सहकार्य गरेर अगाडि बढ्नुको विकल्प छैन। हुनत पर्यटन क्षेत्रलाई सुरक्षित, गुणस्तरीय र पर्यटकमैत्री बनाएर नेपाललाई आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य पन्ध्रौं पञ्चवर्षीय योजना (२०७९–२३) ले लिएको थियो। पर्यटन क्षेत्रमा विविधता ल्याएर अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बढाउने र यस क्षेत्रको लाभ वितरणबाट सर्वसाधारण जनताको जीवनस्तर सुधार्ने लक्ष्य सो योजनाले लिएको थियो। सन् २०१८–१९ को करीब १२ लाख पर्यटकको सङ्ख्या बढाएर सन् २०२३ सम्म वार्षिक ३५ लाख पुर्‍याउने, पर्यटन क्षेत्रको २.७ प्रतिशत गार्हस्थ्य उत्पादनलाई १० प्रतिशत पुर्‍याउने, प्रतिवर्ष दुई लाख रोजगारीलाई ३,८२ हजार पुर्‍याउने, पर्यटकको सरदर १२.७ दिनको बसाइलाई १५ दिन पुर्‍याउने, पर्यटकको प्रतिदिनको खर्च ४४ डलरबाट १०० डलरसम्म पुर्‍याउनेलगायत उद्देश्य सो योजनामा समेटिएको थियो। त्यसैले नेपालको अर्थतन्त्रलाई सबल बनाउन पर्यटन क्षेत्रको पुनरुत्थान गरी पुरानै लयमा फर्काउन आवश्यक पहलकदमी चाहिन्छ।

विश्वमा कोभिड–१९ पछिको अर्थतन्त्रलाई सबल बनाई जनताको जीवन सरल एवं गतिशील बनाउन विभिन्न राष्ट्र दिनरात प्रयासरत छन्। कोभिडले आक्रान्त पर्यटन उद्योगलाई लयमा ल्याउन सरकारले 'नेपालको पर्यटन क्षेत्रको पुनरुत्थान कार्ययोजना २०७९' को ७३ बुँदे कार्यक्रमसमेत प्रस्तुत गरेको छ। सरकारले आर्थिक वर्ष २०७९–८० को बजेटमार्फत १० लाख पर्यटक भित्र्याउने लक्ष्यसँगै होटेललगायत पर्यटन क्षेत्रसम्बद्ध व्यवसायको चालू आवको वार्षिक इजाजत र नवीकरण दस्तुरमा छुट दिने, पर्यटन क्षेत्रको पुनरुत्थानका लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिनेजस्ता कार्यक्रम नेपाल पर्यटन बोर्डबाट सञ्चालन गर्ने तथा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरूपमा सञ्चालनमा ल्याउनेलगायत पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका विभिन्न कार्यक्रम अगाडि सारेको छ। यसैगरी सरकारले '२०२३–३२' लाई पर्यटन दशकको रूपमा मनाउने घोषणा गरेको छ। जस अनुसार सरकारले सन् २०३२ सम्म नेपालमा ५० लाख विदेशी पर्यटक भित्र्याउने र पर्यटकको दैनिक खर्च १२५ अमेरिकी डलरसम्म पुर्‍याउने लक्ष्य लिएको छ। हालसम्म सबैभन्दा बढी करीब १२ लाख पर्यटक सन् २०१९ मा आएका थिए। हाल पर्यटकको सरदर प्रतिदिन खर्च ४७ डलर र औसत बसाइ १२ दिन रहेको छ। प्राप्त तथ्याङ्क अनुसार अक्टुबर, २०२२ सम्म हवाईमार्गबाट नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या ४ लाख ७३ हजार ५६३ रहेको छ। सन् २०१९ को अक्टुबरसम्म ७ लाख ३९ हजार ३२३ विदेशी पर्यटक आएका थिए। यस वर्षको अक्टुबर महीनालाई मात्र हेर्ने हो भने ८८ हजार ५८२ विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

नेपाल वायु सेवा निगम, कतार एयरवेज, फ्लाई दुबई, एयर इन्डिया र एयर अरेबियाले ती पर्यटक नेपाल भित्र्याएका थिए। सन् २०१९ मा नेपाल आउने पर्यटकमध्ये निकुञ्ज र आरक्ष क्षेत्र घुम्ने ४ लाख २९ हजार, लुम्बिनी भ्रमण गर्ने १७३ हजार, ट्रेकिङ र माउन्टेनियरिङमा जाने १७१ हजार, पशुपति दर्शन गर्ने १७१ हजार थिए। देशका हिसाबले २५४ हजार भारतीय र १६९ हजार चिनियाँ पर्यटक नेपाल आएका थिए। हुनत विश्वभर अर्थ व्यवस्थाको सफलताका लागि पर्यटन क्षेत्र महत्वपूर्ण मानिन्छ। पर्यटनले अर्थ व्यवस्था सुदृढ बनाउन राजस्व बढाउँछ, रोजगार सिर्जना गर्छ, देशको पूर्वाधार विकास गर्छ र विदेशी पर्यटक तथा नेपाली नागरिकबीच सांस्कृतिक आदानप्रदानको भावना बढाउँछ। हालसम्म नेपालको पर्यटन केन्द्र काठमाडौं उपत्यका, पोखरा, चितवन, लुम्बिनी, बर्दिया, सगरमाथा र अन्नपूर्ण क्षेत्रमा मात्र सीमित छ। नेपालले यीसहित अब नयाँ पर्यटन क्षेत्रको विकास गरी प्रचारप्रसार गर्नुपर्छ। नेपालको पर्यटन क्षेत्रले नयाँ गन्तव्य र आवश्यक पूर्वाधार विकास नगरेसम्म पर्यटन क्षेत्रको लाभ–वितरणबाट सर्वसाधारण जनताको जीवनमा सुधार आउँदैन। परम्परागत पर्यटकीय गन्तव्यबाट बाहिर निस्किन नसकेको पर्यटन व्यवसायले लाभ प्राप्त गर्न सक्दैन र त्यसबाट नेपाल र नेपालीको उन्नति पनि सम्भव छैन। नेपाल आउने पर्यटकको भौगोलिक वितरणको हिसाबले यो क्षेत्र रोजगार र आर्थिक आय–आर्जनका लागि निकै महत्त्वपूर्ण छ। पहिले शहर केन्द्रितभन्दा पर्यटकहरू नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदालाई नजीकबाट अनुभव गर्न आउँथे। वर्तमान परिस्थिति नियाल्ने हो भने पर्यटन क्षेत्रका चुनौतीहरू त धेरै छन्, तर तीमध्ये नेपाली पर्यटन क्षेत्रको विश्वव्यापी प्रचारप्रसार र बजारीकरण गर्नुपर्ने प्रमुख आवश्यकता देखिन्छ। त्यसमा पनि मुख्यतः नेपाल सरकारले हालै ५० अर्ब लगानी गरी निर्माण गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तत्काल सञ्चालन गर्न बुद्धिस्ट मार्केट (थाइल्यान्ड, भियतनाम, म्यान्मा) र भारतका प्रमुख शहर एवं चीन, बङ्गलादेशमा व्यापक प्रचारप्रसार गरी भारत सरकारसँग, हवाई सेवामा गर्नुपर्ने मुख्य कार्यमा नेपाल प्रवेश गर्ने हवाई रूटको स्वीकृति आदि कार्यसँगै भारतका विभिन्न शहरबाट भैरहवा र पोखरा, काठमाडौंमा उपयुक्त जहाजबाट हवाई सेवा शुरू गर्नुपर्ने देखिन्छ।

त्यस्तै बङ्गलादेशलाई भारत र चीनपछिको तेस्रो प्रमुख स्रोत बजारको रूपमा लिई प्रवर्द्धनका लागि केही नयाँ प्रचारप्रसार कार्यक्रम गर्नुपर्ने हुन्छ। यसैगरी बुद्धिस्ट मार्केटका प्रमुख स्रोत बजार थाइल्याण्ड, म्यान्मा, लाओस, भियतनाम, श्रीलङ्का, कोरियाबाट भैरहवामा सीधा हवाई सेवा जोड्नुपर्छ। यसका साथै भारत सरकारसँग कूटनीतिक पहल गरी भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर भैरहवा, नेपालगंज र महेन्द्रनगर रूटबाट विमान नेपाल आउन दिन भारत सरकारको सहमति लिन सक्नुपर्दछ। यो सहमति जति छिटो लिन सक्यो, नेपालका लागि त्यति नै फलदायी हुनेछ। नत्र यहाँको सञ्चालन खर्च सबै हवाई सेवालाई अत्यन्त महँगो हुन जान्छ र यसै कारणले यी विमानस्थलमा उडान गर्न अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरू आकर्षित भएका छैनन्। हाल पूर्व वा पश्चिम जुन रूटबाट आए पनि विमानहरू सिमराकै बिन्दुमा आएर काठमाडौं, भैरहवा, पोखरा प्रवेश गर्ने बाध्यतामा छन्। महेन्द्रनगरबाट एयर रूट पाइयो भने उडान समय २५ मिनेट छोटिन्छ भन्ने विभिन्न अध्ययनले देखाएको छ। यसले हवाई सेवा कम्पनीको नाफा बढ्न जान्छ र नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा सरकारले दिएको ल्यान्डिङ, पार्किङ आदिको छुटले गर्दा कम्पनीहरूले लाभ लिन सक्छन्।

अर्कोतर्फ आन्तरिक व्यवस्थापनमा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न वैदेशिक रोजगारमा जाने नेपालीको सुविधाका लागि सरकारले श्रम स्वीकृति, भिसा स्ट्याम्पिङ र मेडिकलजस्ता सेवाहरू भैरहवा विमानस्थलमा नभई काठमाडौं आउनुपर्ने गुनासो छ। यस असुविधाका कारण जजिरा एयरलाइन्सलाई सञ्चालनमा अप्ठ्यारो भइरहेको गुनासो पनि छ। यसतर्फ अब बन्ने नयाँ सरकारको ध्यान जानुपर्ने देखिन्छ। श्रमबजारका लागि खाडी देश र मलेसियालक्षित गरी अन्तर्राष्ट्रिय हवाई सेवाहरू जजिरा एयरलाइन्स र कुवेत एयर भैरहवा विमानस्थलमा आउनु स्वाभाविक हो। उक्त सेवाले हाम्रो पर्यटन क्षेत्रलाई पनि टेवा दिने नै छ। वास्तवमा पर्यटन क्षेत्र नेपालको प्राकृतिक पूँजी हो। हिमाल आरोहण, पदयात्रा, वन्यजन्तु, वनस्पति, दृश्य, सम्पदा, संस्कृति बन्जी–जम्पिङ, क्यानोनिङलगायत क्षेत्र नै नेपालका असीम पर्यटकीय उपहार हुन्। यस्ता सम्पदाको उपयोग गरीबी निवारणसँग जोडिनुपर्छ। यो सम्पत्ति कमाउने र लाभको व्यापार बन्नुहुँदैन। विकसित र सम्पन्न मुलुकहरूले आफ्ना टुर अपरेटरलाई सहुलियत दिएका छन्। पर्यटकको आवागमन खुलेपछि अन्य क्षेत्रमा पनि आत्मविश्वास बढ्छ र क्रमशः पर्यटकको आवागमन बढ्न थाल्छ। नेपाल सरकारले पनि व्यवसायीलाई सक्दो सहयोग गर्नुपर्छ। नेपालको हवाई नीति पनि उत्कृष्ट हुनुपर्छ। जति धेरै एयरलाइन्स नेपाल आउँछन्, त्यति धेरै मार्केटिङ हुन्छ। अनि मात्र समृद्ध नेपालका लागि पर्यटन व्यवसाय राष्ट्रको आर्थिक विकासको मेरुदण्ड बन्न सक्छ।

# 'वीर विक्रम २' हिन्दी भाषामा प्रदर्शन हुँदै

काठमाडौं ८ मङ्सिर/रासस

केही समय अगाडि मात्र नेपाली चलचित्र 'प्रेमगीत ३' हिन्दी भाषामा स्वराङ्कन भएर प्रदर्शन भएको थियो।




छिमेकी मुलुक भारतमा नेपाली चलचित्रको बजार खोज्ने उद्देश्यले निर्माता तथा निर्देशकले उक्त चलचित्रलाई हिन्दी भाषामा स्वराङ्कन गरिएको बताएका थिए। सोही पथमा अर्को नेपाली चलचित्र 'वीर विक्रम २' पनि देखिएको छ। नेपाली भाषामा प्रदर्शन भइसकेको चलचित्र हिन्दीमा स्वराङ्कन गरिएको हो।

मिलन चाम्सको निर्माण तथा निर्देशनमा बनेको उक्त चलचित्र भारतको हलमा नभई ओएसआर इन्टरनेशनल नामक युट्युब च्यानलमार्फत प्रदर्शन हुँदैछ। सञ्चालक ओमप्रकाश अग्रवालले डिजिटल माध्यमबाट दर्शक खोज्ने प्रयास थालिएको जानकारी दिए। "युट्युबमा रिलिज गरेर हिन्दीभाषी दर्शकलाई आकर्षित गर्न सकिन्छ भनेर शुरू गर्दैछौं। यस चलचित्रलाई लिएर आइरहेको प्रतिक्रिया सकारात्मक छन्," सञ्चालक अग्रवालले भने, "साउथ इन्डियन फिल्म पनि स्वराङ्कन गरेर युट्युबकै माध्यमले नर्थ इन्डियामा बजार विस्तार गरिएको हो। हामीले पनि बजार विस्तारकै लागि यो माध्यम अपनाएका हौं।"

उनले डिसेम्बर १ मा 'वीर विक्रम २' प्रदर्शन भएपश्चात् 'सुश्री सम्पत्ति' पनि तयारमा रहेको बताए। एक हप्तादेखि पन्ध्र दिनभित्रमा दोस्रो चलचित्र दर्शकमाझ पुर्‍याउने सञ्चालक अग्रवालको तयारी छ। "अन्य पाँच फिल्म स्वराङ्कनको लागि तयार छन्। यी दुई फिल्मको प्रतिक्रियाले हामीलाई अगाडि बढ्ने बाटो देखाउने छ," उनले भने।

आफ्नो चलचित्र हिन्दीमा आउँदा खुशी लागेको निर्देशक चाम्सले बताए। "हाम्रो काम हिन्दीभाषीकहाँ पनि पुग्दैछ। खुशी लागेको छ। हिन्दी स्वराङ्कन निकै राम्रो गरिएको छ," उनले भने। विसं २०७६ मा रिलिज भएको यस फिल्मले बाल्यकालदेखिका दुई साथीको भावनात्मक सम्बन्धको कथालाई प्रस्तुत गरेको छ। उक्त चलचित्रमा पल शाह, वर्षा शिवाकोटी, नाजिर हुसेन, बुद्धि तामाङ, देशभक्त खनाल, विनिशा भण्डारी, क्षितिज सुवेदी खत्रीलगायतको अभिनय छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरुणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबु प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबु रौनियार ०५१–५२११९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३९९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

बारा उद्योग वाणिज्य सङ्घ जीतपुर ०५३–५२१९२०/९८४५६६५५४०
गण्डक अस्पताल, वीरगंज (चौबीसै घण्टा) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराउनुहोस्।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२५५०६०

# धनुषा २(२)मा रामआशिष यादव दोस्रोपटक निर्वाचित

महेन्द्रनगर (धनुषा), ८ मङ्सिर/रासस



तस्वीरः सौजन्य

धनुषा क्षेत्र नं २ को (२)मा जनता समाजवादी पार्टी नेपालका रामआशिष यादव दोस्रोपटक निर्वाचित भएका छन्। नेपाल पत्रकार महासङ्घ धनुषा शाखाका पूर्वअध्यक्ष रहेका यादव १० हजार ६१४ मत ल्याएर निर्वाचित भए भने उनका निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका श्यामकुमार यादवले नौ हजार ५६६ मत ल्याए।

यस्तै, नेकपा (एमाले)का सञ्जीवकुमार सुरजले नौ हजार २०४ मत पाए।

**सिराहा–४ (१)मा पूर्वमन्त्रीलाई पराजित गर्दै साह विजयी**

सिराहा निर्वाचन क्षेत्र नं ४ प्रदेशसभा १ बाट प्रदेशसभा सदस्यका लागि जनमत पार्टीका त्रिभुवन साह निर्वाचित भएका छन्। उनले पूर्वमन्त्रीसमेत रहेका नेकपा (माओवादी केन्द्र)का महेन्द्र पासवानलाई पराजित गरेका हुन्।

निर्वाचन क्षेत्र नं ४ का निर्वाचन अधिकृत दीपेन्द्रनाथ योगीका अनुसार साहले आठ हजार २२९ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी पासवानले सात हजार ८३ मत प्राप्त गरे।

यस्तै, नेकपा (एमाले)का प्रकाश महासेठले छ हजार ८७८ मत प्राप्त गरी तेस्रो स्थानमा रहे।

**सर्लाही ४ (१)मा वीरेन्द्र पुनः विजयी**

सर्लाही निर्वाचन क्षेत्र नं ४ (१)मा प्रदेशसभा सदस्यमा नेपाली काङ्ग्रेसका उम्मेदवार वीरेन्द्रप्रसाद सिंह पुनः निर्वाचित भएका छन्।

सिंहले १५ हजार ६९३ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का रामबाबु यादवले १४ हजार ६१६ मत पाए।

सिंहसहित सर्लाहीमा चारजना प्रदेशसभा सदस्यमा पुनः निर्वाचित भएका छन्। पुनर्निर्वाचित हुनेमा सर्लाही–१ को (२)मा नेकपा (एकीकृत समाजवादी)की बेची लुङ्ली र १ (१)मा लोकतान्त्रिक समाजवादी पार्टीका उपेन्द्र महतो तथा ३ (२)मा जनता समाजवादी पार्टी नेपालका सञ्जयकुमार यादव विजयी भएका छन्।

**रामसरोज यादव दोस्रोपटक निर्वाचित**

(बाँकी तेस्रो पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## पोल्यान्डले दोस्रो विश्वयुद्धको क्षतिपूर्ति माग्दै नोट पठायो

वार्सा, ८ मङ्सिर, (रासस–सिन्ह्वा)

पोल्यान्डले जर्मनीविरुद्ध युद्धको क्षतिपूर्ति दाबी गर्दै युरोपेली सङ्घ (ईयु) का सबै देश, उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) र काउन्सिल अफ युरोपलाई कूटनीतिक नोट पठाएको छ। पोल्यान्डका उप विदेशमन्त्रीले दिएको जानकारी अनुसार सेप्टेम्बर १ मा पोल्यान्ड सरकारले दोस्रो विश्वयुद्धमा पोल्यान्डले भोगेको भौतिक क्षतिको विस्तृत विवरण प्रस्तुत गरेको थियो।


पोल्यान्डका उपविदेशमन्त्री अर्काडियस मुलार्कजिक। तस्वीरः एजेन्सी

पोल्यान्डले जर्मनीसँग १.३ ट्रिलियन युरो आर्थिक क्षतिपूर्ति माग गरेको छ।

पोल्यान्डको विदेश मन्त्रालयले जर्मनीलाई, युद्धमा भएको क्षति पूर्ति गर्न अनुरोध गर्दै कूटनीतिक नोट पठाएको हो। यद्यपि जर्मनीले पोल्यान्डलाई क्षतिपूर्तिको मुद्दाका विषयमा भने कुनै प्रतिक्रिया दिएको छैन।

प्रतिवेदन तयार गर्ने जिम्मा लिएको टोलीको नेतृत्व गरेका पोल्यान्डका उपविदेशमन्त्री अर्काडियस मुलार्कजिकले पोल्यान्ड प्रेस एजेन्सी (पिएपी) लाई कूटनीतिक नोट कूटनीतिज्ञ, राजनीतिज्ञ, मानवअधिकारसँग संलग्न र अन्तर्राष्ट्रिय वकिलहरूलाई जानकारी गराउन पठाइएको बताए। उनले भने–"युरोपेली र अन्तर्राष्ट्रिय कानूनको शासन, मानव अधिकारसँग सरोकार राख्छ।

मुलार्कजिकको प्रतिवेदन–कागजातले जर्मनीले, युद्धको परिणामस्वरूप पोल्यान्डले भोगेको, नोक्सान व्यवस्थित नगरेको देखाएको छ। लुटेका कलाकृति एवं बैंक सम्पत्ति फिर्ता गरेको देखिंदैन। जर्मन आक्रमणबाट पोलिश नागरिकले भोगेको क्षतिको लागि क्षतिपूर्ति दिएको थियो।

बर्लिनले पोल्यान्डसँग आफ्नो खाता नमिलेको र वार्साले पठाएको कूटनीतिक नोटको जवाफ पनि नदिएपछि पोल्यान्डले यस विषयमा अन्तर्राष्ट्रिय स्तरमा छलफल शुरू गर्न चाहेको छ। रासस

## विपक्षी नेता अनवर मलेशियाका प्रधानमन्त्री नियुक्त

क्वालालम्पुर, ८ मङ्सिर/एएफपी

मलेशियाका विपक्षी नेता अनवर इब्राहिम प्रधानमन्त्री नियुक्त भएका छन्। अनिर्णित चुनावपछिको एक दिन लामो राजनीतिक गतिरोध अन्त्य गर्दै दरबारले उनको नाम अनुमोदन गरेको थियो।

दरबारद्वारा जारी विज्ञप्तिमा भनिएको छ–"मलेशियाका शासकहरूका शाही महामहिमहरूको विचारलाई ध्यानमा राखी अनवर इब्राहिमलाई मलेशियाको १० औं प्रधानमन्त्री नियुक्त गर्न स्वीकृति दिइएको छ।"


मलेशियाका प्रधानमन्त्री अनवर इब्राहिम । तस्वीरः एपी

भरखरै सम्पन्न निर्वाचनमा अनवरको पाकतन हारापान (आशाको गठबन्धन) ले भ्रष्टाचार विरोधीका रूपमा प्रस्तुत हुँदै ८२ सिट जितेको थियो तर आवश्यक ११२ सिट बहुमत भने पुगेको थिएन।

त्यस्तै पूर्वप्रधानमन्त्री मुहिद्दीन यासिनको पेरिकाटन नेशनल (राष्ट्रिय गठबन्धन) ब्लकले ७३ मत प्राप्त गरेको छ।

इस्लामवादी पार्टीले समर्थन गरेका मुहिद्दीनले पत्रकार सम्मेलनमा कुनै पनि समूहसँग पर्याप्त सीट सङ्ख्या नभएकोले राजाले शुरूमा आफू र अनवरलाई 'संयुक्त सरकार' बनाउन आग्रह गरेको बताएका थिए।

मलेशियाका राजा सुल्तान अब्दुल्लाह अहमद शाहले जारी राजनीतिक गतिरोध तोड्नका लागि दुई प्रतिद्वन्द्वीलाई बोलाएका थिए। रासस

## कोरियामा एकै दिन कोभिडका ५९ हजार सङ्क्रमित

सोल, ८ मङ्सिर/सिन्ह्वा

दक्षिण कोरियामा एकै दिन कोभिडका ५९ हजारभन्दा बढी सङ्क्रमित भेटिएका बताइएको छ। प्राप्त समाचार अनुसार गएको २४ घण्टा यता मात्र कोभिडका ५९,०८९ जना सङ्क्रमित भेटिएका हुन्।

योसमेत यहाँ कोभिडका दुई करोड ६७ लाखभन्दा बढी सङ्क्रमित पाइएका स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन्। अधिकारीहरूका अनुसार यहाँ अघिल्लो दिनको तुलनामा भने सङ्क्रमितहरू कम भएका हुन्। अघिल्लो दिन अर्थात् मङ्गलवार यहाँ ७०,३०० भन्दा बढी सङ्क्रमित पाइएका थिए। तर अधिकारीहरूले अघिल्लो हप्ताको तुलनामा यस हप्ता सङ्क्रमितहरू झन् बढेको बताएका छन्। अघिल्लो हप्ता दिनमा बढीमा ५५ हजार सङ्क्रमित देखिएकामा यस हप्ता बढेको बताएका हुन्।

यस हप्ता कोभिडबाट ५९ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्। यो समेतगरी यहाँ कोभिडबाट ज्यान जाने नागरिकको सङ्ख्या ३०,२२३ पुगेको छ। रासस

## जर्मनीले मालीबाट आआफ्ना शान्ति सैनिक फिर्ता गर्ने

संयुक्त राष्ट्रसङ्घ, ८ मङ्सिर/सिन्ह्वा

जर्मनीले मालीबाट आफ्ना शान्ति सैनिक फिर्ता गर्ने भएको छ।

सन् २०२४ को मे महीनादेखि आफ्नो सेना फिर्ता गर्ने भएको जानकारी गराएको हो।

संयुक्त राष्ट्रसङ्घीय प्रवक्ताले बुधवार सो कुराको जानकारी गराए। उनले जर्मनीले आफ्नो सेना फिर्ता गर्न लागेकोमा धन्यवाद पनि दिएका छन्।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसका उपप्रवक्ता फराह हकले बुधवार जर्मन सरकारले यस अघि मालीमा जारी संयुक्त राष्ट्रसङ्घीय मिशनमा जर्मन सरकारले शान्ति सैनिक सहयोग गरेकोमा पनि धन्यवाद दिएका छन्।

मालीबाट विभिन्न देशले आफ्ना सैनिक फिर्ता गर्ने घोषणा गरिरहेका छन्। जर्मन यसरी सेना फिर्ता गर्ने पछिल्लो देश बनेको उपप्रवक्ता हकले जानकारी दिएका छन्।

मालीमा जारी आन्तरिक युद्धका कारण यहाँका नागरिकको सुरक्षार्थ संयुक्त राष्ट्रसङ्घीय मिशन, मिनुस्मा जारी रहेको छ। यस मिशनमा विश्वमा विभिन्न देशले आफ्ना सेना सहयोग गरेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – मनोरञ्जन | वृश्चिक – सफलता |
| धनु – राज्यभय | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।
वीरगंज महानगरपालिका कार्यालय

## १४ वर्षीय बालक चार दिनदेखि बेपत्ता, अनुसन्धानमा प्रहरीको ढिलाइ

प्रस, वीरगंज, ८ मङ्सिर/

पर्साका एकजना बालक चार दिनदेखि बेपत्ता भएपनि उनको खोजतलाशमा पर्सा प्रहरीले चासो देखाएको छैन। वीरगंज महानगर–२५ खलवाटोला, श्रीसियाका गोलु भन्ने नीरज पासवान मङ्सिर ५ गते दिउँसो २ बजेदेखि बेपत्ता भएका छन्।

उनले रेडमी कम्पनीको १५ हजार मूल्यको मोबाइल बोकेका छन्। उक्त मोबाइलमा ९८२१८८१५८३ र ९८०७१०७८६३ नम्बरको सिम रहेको छ। सोही दिन बिहान ११ बजेपछि घरबाट निस्किएका नीरजको मोबाइलबाट साँझ ७:१५ बजे एकजना अपरिचित व्यक्तिले फोन गरेका थिए। उनले फोन गर्दा नीरजका बुबा श्रीराम हजरा दुसाधले उठाएका थिए।

त्यसपछि छोटो संवाद पनि भयो। फोनकर्ताले तिम्रो छोरा र केही साथीहरू झगडा गरिरहेको अवस्थामा गोजीबाट मोबाइल खसेको छ, भारत, रक्सौलको हरैया गाउँ पस्ने बाटोमैं मेरो घर छ भनी बोलाउँदै फोन काटेका थिए।

त्यसपछि परिवारजन चारवटा मोटरसाइकल लिएर सो स्थानमा जाँदा न नीरज भेटिए, न उनको मोबाइल, न फोन गर्ने व्यक्ति। उनको मोबाइल स्वीच अफ गरिएको थियो।

त्यसपछि रक्सौलको विभिन्न थाना, चौकी र गाउँहरूमा खोजी गर्दासमेत नभेटिएपछि पर्सा र बारामा पनि खोजबीन शुरू भयो। आफन्तजनकहाँ फोन गर्दा पनि बालकको अत्तोपत्तो नलागेपछि परिवारजनले सोही दिन राति १० बजे जिल्ला प्रहरी कार्यालय, पर्सामा खोजतलाशको लागि निवेदन दिए।

हालसम्म उक्त मोबाइल नम्बरको कल ट्रेस वा बालकको स्थितिबारेमा पर्सा प्रहरी गम्भीर भएर छानबीन नगरेको नीरजकी आमा सवितादेवीले आरोप लगाइन्। उनले सो घटनामा पर्सा प्रहरीलाई सूक्ष्म अनुसन्धान गरिदिन र आफूहरूको परिवारलाई न्याय दिलाउन सरोकारवाला निकायसँग आग्रह गरिन्।

दलित महिला अगुवा सुगान्धी पासवानले पैसावालाको छोराछोरी हराएको वा बेपत्ता भएको भए घण्टौंपिच्छे विभिन्न गाउँमा छापामारी गरेर घटना सतहमा आइसकेको हुन्थ्यो तर दलित परिवारको बालक भएका कारण प्रहरीले चासो नदिएको उनले आरोप लगाइन्।


नीरज पासवान

यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले मतगणनाको दबाबले गर्दा बालकको खोजतलाशमा सोचे अनुसारको नतीजा दिन नसकेको बताउँदै घटनाप्रति गम्भीर भएको र चाँडै बालकको अवस्था पत्ता लगाउने बताए।

## बारामा मतगणना जारी, शुक्रवारसम्म मतपरिणाम आउने

प्रस, वीरगंज, ८ मङ्सिर/

बारा क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार एमालेका अच्युतप्रसाद मैनालीले ३१ हजार ६०० मत ल्याएर अग्रस्थानमा छन्। उनलाई नेपाली काङ्ग्रेसका उमाकान्त चौधरीले २४ हजार ३७० मतले पछ्याइरहेका छन्।

यसैगरी, क्षेत्र नं २ मा नेकपा माओवादीका शिवचन्द्र साह नौ हजार ७१२ मतले अगाडि छन् भने उनलाई जसपाका रामसहाय यादवले आठ हजार ८८७ मतले पछ्याइरहेका छन्।

बारा क्षेत्र नं ३ मा एमालेकी ज्वालाकुमारी साह १७ हजार ३७६ मतले अग्रस्थानमा छिन्। उनलाई जसपाका रामबाबूकुमार यादवले १५ हजार ११६ मतले पछ्याइरहेका छन्।

बारा क्षेत्र नं ४ मा सत्तारूढ गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार कृष्णकुमार श्रेष्ठ हिजैं विजयी घोषित भइसकेका छन्। प्रतिनिधिसभाका तीनजना सदस्यको मतपरिणाम अबेर राति अथवा शुक्रवार बिहानसम्म आउने अनुमान गरिएको छ।

प्रदेशसभातर्फ बारा क्षेत्र नं १ (१) मा त्रिलोकी चौधरीले नौ हजार ४० मत ल्याएका छन् भने उनलाई नेकाका रमेश दङ्गालले आठ हजार २७५ मतसहित पछ्याइरहेका छन्।

बारा १ (२)मा जसपाका सरोज यादव नौ हजार ७०८ मतसहित अगाडि छन् भने उनलाई नेकाका नागेन्द्र कानूले सात हजार ३२१ मतले पछ्याइरहेका छन्।

२ (१)मा स्वतन्त्र उम्मेदवार शारदाशङ्कर कलवार नौ हजार २९५ मतले अगाडि छन् भने उनको पछाडि एमालेका बलवीरप्रसाद चौधरीले छ हजार ८६७ मत ल्याएर पछाडि छन्।

बारा २ (२)मा जसपाका बच्चा अहिर दश हजार ३०२ मतले अगाडि छन् भने उनलाई नेकाका रामअयोध्याप्रसाद यादवले आठ हजार ९३९ मतले पछ्याइरहेका छन्।

बारा ३ (१)मा एमालेका रवीन्द्रदास श्रेष्ठ हिजैं विजयी घोषित भइसकेका छन्।

क्षेत्र नं ३ (२)मा एमालेका महम्मद समीर एक हजार १८० मतले अगाडि छन् भने उनलाई जसपाका पारसप्रसाद साहले एक हजार १०२ मतले पछ्याइरहेका छन्। यो क्षेत्रको मतगणना बुधवार अपराह्नदेखि शुरू भएकोले ढिला गरी मतगणना बाहिरिएको हो।

४ (१)मा एमालेका देवनारायण थारू र ४ (२)मा लोसपाका जीतेन्द्रप्रसाद सोनार जितेको हिजैं घोषणा भइसकेको छ।

## अध्यक्ष नेपाल छैटौंपटक संसद्मा

काठमाडौं, ८ मङ्सिर/रासस

संसद्कै ठूलो कम्युनिस्ट पार्टी नेकपा (एमाले)बाट अलग भई गठन भएको नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल छैटौंपटक सङ्घीय संसद्मा प्रवेश गरेका छन्।



उनी रौतहट क्षेत्र नं १ बाट ३३ हजार ५२२ मत ल्याइ निकटतम प्रतिद्वन्द्वी एमालेकै अजयकुमार गुप्तालाई फराकिलो मतान्तरले पछि पार्दै विजयी भएका हुन्।

नेपाली काङ्ग्रेसले नेतृत्व गरेको वर्तमान लोकतान्त्रिक–वाम गठबन्धनबाट सरकारको एक घटक एकीकृत समाजवादीका नेता नेपाल सोही गठबन्धनको सहयोगमा प्रतिनिधिसभामा पुग्न सफल भएका छन्।

यसअघि विसं २०४८ देखि २०५६ सम्म राष्ट्रियसभा सदस्य तथा प्रमुख विपक्षी दलका नेता रहेका नेपाल विसं २०५६, २०६५, २०७० र २०७४ मा पनि प्रतिनिधिसभा सदस्य थिए। उनले विसं २०५० देखि २०६५ वैशाखसम्म नेकपा (एमाले)को महासचिवको जिम्मेवारी सम्हालेका थिए।

विसं २०६६ जेठदेखि २०६७ माघसम्म प्रधानमन्त्री भएका अध्यक्ष नेपाल त्यसअघि एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा रहेको मन्त्रिमण्डलमा विसं २०५१ मङ्सिरदेखि २०५२ भदौसम्म परराष्ट्र र रक्षा मन्त्रालयको कार्यभारसहित उपप्रधानमन्त्री थिए।

विसं २०२२ देखि वामपन्थी विद्यार्थी सङ्गठनबाट राजनीतिमा संलग्न भएका उनी विसं २०२६ मा नेकपा (पुष्पलाल समूह)मा आबद्ध भए।

उनीसँग नेकपा सचिवालय सदस्य एवं विदेश विभाग प्रमुखको जिम्मेवारी सम्हालेको अनुभव पनि छ। 'नेपाल अधिराज्यको संविधान २०४७' संविधान सुझाव आयोगका सदस्य तथा संविधानसभा, संवैधानिक समितिका सभापति भएर उनले काम गरे।

पिता मङ्गलकुमार र माता दुर्गादेवी उपाध्यायका कोखबाट विसं २००९ फागुन २३ गते रौतहटमा जन्म भई राजनीतिक आन्दोलनका क्रममा १६ वर्ष भूमिगत तथा पटक–पटक गरी दुई वर्ष छ महीना बन्दी जीवन बिताएका नेता नेपाल शाही शासनकालमा घरमैं नजरबन्द भएका थिए।

निष्ठावान् राजनीतिज्ञका रूपमा आफूलाई परिचित गराउन चाहने अध्यक्ष नेपालले मुलुकको शान्तिप्रक्रियामा ठूलो भूमिका खेलेका छन्। उनको 'जनताको बहुदलीय जनवाद' र 'जनता जाग्दैछन्', शीर्षक कृति प्रकाशन हुनाका साथै उनीसँग सम्बन्धित 'संसद्मा माधव नेपाल', 'प्रधानमन्त्री माधव नेपाल'का मन्तव्यलगायत कृति पनि सार्वजनिक भएका छन्।

### रौतहटको मतपरिणाम ...

स्वतन्त्र उम्मेदवार सञ्जय यादवले पाँच हजार ८७५ मत ल्याएका छन्। यो क्षेत्रबाट २०७४ सालमा आजाद नै जितेका थिए।

यसपटकको निर्वाचनमा रौतहटबाट वाम–लोकतान्त्रिक गठबन्धनले बढी सिट जितेको छ।

प्रतिनिधिसभामा घोषित परिणामको दुवै क्षेत्रमा वाम–लोकतान्त्रिक गठबन्धनका उम्मेदवारले जिते भने प्रदेशसभा सदस्यमा पाँचवटा सिटमा जीत हात पारेको छ।

एमाले–जसपा गठबन्धनबाट दुई र एकजना स्वतन्त्र उम्मेदवारले चुनाव जितेका छन्।

## म्यादी प्रहरीको बिदाइ

प्रस, पोखरिया, ८ मङ्सिर/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि छनोट भएका म्यादी प्रहरीहरूको बिहीवार बिदाइ गरिएको छ।

पर्सा जिल्लामा रहेका म्यादी प्रहरीहरूलाई आज एक कार्यक्रमका बीच प्रशंसापत्र वितरण गरी बिदाइ गरिएको हो। पर्साको ठोरीमा रहेको इप्रकाका प्रहरी निरीक्षक शङ्कर श्रेष्ठले टीका तथा प्रशंसापत्र प्रदान गरी बिदाइ गरेका थिए।

# आगलागीमा तीनजनाको मृत्यु, तीनजना घाइते

प्रस, रौतहट, ८ मङ्सिर/

गौरमा गएराति विद्युत् सर्ट भई गौर नगरपालिका–१ माईस्थानचोकस्थित इस्लाम सिरक डसना पसलमा गएराति भने तीनजना घाइते भएका छन्।



आगलागी नियन्त्रण गर्दै सुरक्षाकर्मी र आगलागीमा घाइते भएका व्यक्ति। तस्वीरः प्रतीक

आगलागीमा पसल सञ्चालक महमद आगलागी हुँदा एकै परिवारका तीनजना बालबालिकाको मृत्यु भएको छ। आगलागी हुँदा घरमा सुतिरहेका तीनजना बालबालिकाको जलेर मृत्यु भएको छ इस्लामकी नौ वर्षीया छोरी रूक्साना खातुन, सात वर्षका छोरा इमरान मन्सुरी, पाँच वर्षीया छोरी सबिना खातुनको मृत्यु भएको रौतहट प्रहरीले जनाएको छ। त्यसैगरी, आगलागीमा २५ वर्षीय महमद इस्माइल, २४ वर्षीया नसिमा खातुन र आठ वर्षीय बालक इमरान घाइते भएका छन्।



आगलागी पीडितलाई सहयोग गरिएको जस्तापाता। तस्वीरः प्रतीक

प्रहरीका अनुसार मध्यरातमा कपास गोदाममा विद्युत् सर्ट भएपछि आगलागी भएको थियो। सिरक डसनाको पसलमा आगो सल्किएको थियो। आगो फैलिएर मोटरसाइकल ग्यारेजमा पनि आगलागी भएको थियो।

आगलागीमा परी घरवारविहीन भएका दुई परिवारलाई आरडिसी नेपालले तत्काल राहतस्वरूप करीब एक लाखबराबरको ७० थान जस्तापाता सहयोग गरेको छ। आरडिसी नेपालका अध्यक्ष पारस हुसैनले उक्त सामग्रीहरू हस्तान्तरण गरेका हुन्। उनले थप सहयोग जुटाउन पहल अगाडि बढाएको र तत्काल उक्त सहयोग गरिएको बताए।


## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





### समानुपातिकतर्फ एमाले....

समाजवादी) पार्टीले ४६ हजार ९८३ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ३७ हजार ५६४ मत प्राप्त गरेका छन्।

प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले एक लाख ४० हजार ४६४, काङ्ग्रेसले एक लाख २६ हजार ५५०, माओवादी केन्द्रले ४८ हजार ९६६, राष्ट्रिय प्रजातन्त्र पार्टीले ४६ हजार ८५७ र जनता समाजवादी पार्टी नेपालले २१ हजार ९४४ मत प्राप्त गरेका छन्।

मधेस प्रदेशमा काङ्ग्रेसले ६० हजार ६९४, एमालेले ४७ हजार ३९५, जनता समाजवादी पार्टी नेपालले ३८ हजार ७५६, जनमत पार्टीले ३४ हजार ८६५ र माओवादी केन्द्रले १९ हजार ११० मत प्राप्त गरेका छन्।

वाग्मती प्रदेशमा एमालेले एक लाख २५ हजार ९९३, काङ्ग्रेसले एक लाख १४ हजार ४०५, राष्ट्रिय प्रजातन्त्र पार्टीले ८७ हजार ३७९, नेपाल मजदूर किसान पार्टीले ५५ हजार २४६ र माओवादी केन्द्रले ४५ हजार २२२ मत प्राप्त गरेका छन्।

गण्डकीमा एमालेले एक लाख ५१ हजार ९६६, काङ्ग्रेसले एक लाख ३७ हजार ६५३, माओवादी केन्द्रले ७५ हजार ५०२, राष्ट्रिय प्रजातन्त्र पार्टीले २५ हजार ३५६ र नेकपा (एकीकृत समाजवादी) नौ हजार १८४ मत प्राप्त गरेका छन्।

लुम्बिनी प्रदेशमा एमालेले एक लाख ८० हजार ३९५, काङ्ग्रेसले एक लाख ५२ हजार १३७, माओवादी केन्द्रले ५३ हजार ७३७, राप्रपाले ४३ हजार ४८८ र नागरिक उन्मुक्ति पार्टीले २१ हजार ५११ मत प्राप्त गरेका छन्।

कर्णाली प्रदेशमा माओवादीले ३७ हजार ४४८, एमालेले २१ हजार ८२१, काङ्ग्रेसले १४ हजार ४१२, नेकपा (एकीकृत समाजवादी)ले चार हजार ८४१, राप्रपाले दुई हजार ७५० र नेपाल मजदूर किसान पार्टी एक हजार २४१ मत प्राप्त गरेका छन्।

सुदूरपश्चिम प्रदेशमा एमालेले नौ हजार ५३३, काङ्ग्रेसले सात हजार ८६, माओवादी केन्द्रले पाँच हजार २७३, राप्रपाले एक हजार ४७१ र नागरिक उन्मुक्ति पार्टीले दुई हजार ३३५ मत प्राप्त गरेका छन्।

# खेलकूदको संसार

## बेल्जियमद्वारा क्यानडा पराजित

काठमाडौं, ८ मङ्सिर/रासस

बेल्जियमले क्यानडालाई पराजित गर्दै फिफा विश्वकप फूटबल २०२२ मा विजयी सुरुआत गरेको छ।

कतारको अहमद बिन अलि स्टेडियममा आज बिहान सम्पन्न खेलमा क्यानडालाई १–० गोलअन्तरले हराउँदै बेल्जियमले प्रतियोगितामा विजय यात्रा तय गरेको हो। मिसी बात्सुयीले गरेको एक गोल नै बेल्जियमका लागि निर्णायक साबित भयो। उनले खेलको ४४औं मिनेटमा एल्डरवेइरेल्डको पासमा गोल गरेका हुन्।

त्यसअघि खेलको ११औं मिनेटमा क्यानडाका अल्फन्सो डाभिसले हानेको पेनाल्टी बेल्जियमका गोलकीपर कोर्टुवाले उत्कृष्ट बचाउ गरेका थिए। बेल्जियमका यान्निक कारास्कोले पेनाल्टी क्षेत्रभित्र ह्यान्डबल गरेपछि क्यानडाले पेनाल्टी पाएको थियो। जीतसँगै समूह 'एफ'को बेल्जियमले तीन अङ्क जोडेको छ।

### फिफा विश्व कपको समूह तालिका

दोहा, ८ मङ्सिर/सिन्हवा बुधवारका खेलहरूपछि फिफा विश्वकपको समूह अङ्कतालिका यस प्रकार छ।

| | खेलिएको | जित | बराबरी | हार | गोल | विरुद्ध गोल | अङ्क |
|---|---|---|---|---|---|---|---|
| **समूह ए** | | | | | | | |
| इक्वेडर | १ | १ | ० | ० | २ | ० | ३ |
| नेदरल्यान्ड | १ | १ | ० | ० | २ | ० | ३ |
| कतार | १ | ० | ० | १ | ० | २ | ० |
| सेनेगल | १ | ० | ० | १ | ० | २ | ० |
| **समूह बी** | | | | | | | |
| इङ्ग्ल्यान्ड | १ | १ | ० | ० | ६ | २ | ३ |
| संयुक्त राज्य अमेरिका | १ | ० | १ | ० | १ | १ | १ |
| वेल्स | १ | ० | १ | ० | १ | १ | १ |
| इरान | १ | ० | ० | १ | २ | ६ | ० |
| **समूह सी** | | | | | | | |
| साउदी अरेबिया | १ | १ | ० | ० | २ | १ | ३ |
| मेक्सिको | १ | ० | १ | ० | ० | ० | १ |
| पोल्यान्ड | १ | ० | १ | ० | ० | ० | १ |
| अर्जेन्टिना | १ | ० | ० | १ | १ | २ | ० |
| **समूह डी** | | | | | | | |
| फ्रान्स | १ | १ | ० | ० | ४ | १ | ३ |
| डेनमार्क | १ | ० | १ | ० | ० | ० | १ |
| ट्युनिसिया | १ | ० | १ | ० | ० | ० | १ |
| अष्ट्रेलिया | १ | ० | ० | १ | १ | ४ | ० |
| **समूह ई** | | | | | | | |
| स्पेन | १ | १ | ० | ० | ७ | ० | ३ |
| जापान | १ | १ | ० | ० | २ | १ | ३ |
| जर्मनी | १ | ० | ० | १ | १ | २ | ० |
| कोस्टारिका | १ | ० | ० | १ | ० | ७ | ० |
| **समूह एफ** | | | | | | | |
| बेल्जियम | १ | १ | ० | ० | १ | ० | ३ |
| क्रोएसिया | १ | ० | १ | ० | ० | ० | १ |
| मोरक्को | १ | ० | १ | ० | ० | ० | १ |
| क्यानडा | १ | ० | ० | १ | ० | १ | ० |

### स्वीट्जरल्यान्ड विजयी

स्वीट्जरल्यान्डले क्यामरूनलाई पराजित गर्दै कतारमा जारी फिफा विश्वकप फूटबलमा विजयी सुरुआत गरेको छ। कतारको अल जानुब स्टेडियममा आज भएको खेलमा क्यामरूनलाई १–० गोलले हराउँदै स्वीट्जरल्यान्डले विजयी सुरुआत गरेको हो। स्वीट्जरल्यान्डको जीतमा ब्रिल एम्बोलोले गरेको एक गोल नै निर्णायक गोल साबित भयो। उनले खेलको ४८औं मिनेटमा साकिरीको पासमा गोल गरेका थिए।

यस जीतसँगै समूह 'जी'मा रहेको स्वीट्जरल्यान्डले तीन अङ्क जोडेको छ।

### स्पेनद्वारा कोस्टारिकामा गोलवर्षा

कतारमा जारी फिफा विश्वकप फूटबलमा स्पेनले कोस्टारिकामाथि गोलको वर्षा गर्दै प्रतियोगितामा विजयी सुरुआत गरेको छ। कतारको अल थुमामा स्टेडियममा आज राति भएको खेलमा कोस्टारिकालाई ७–० गोलअन्तरले हराउँदै स्पेनले विजयी सुरुआत गरेको हो।

स्पेनले खेलको पहिलो हाफमा तीन तथा दोस्रो हाफमा चार गोल गऱ्यो। स्पेनको जीतमा फेरान टोरेसले दुई गोल गरे भने डानी ओल्मो, मार्को एसेन्सियो, गाभी, कार्लोस सोलेर र अल्भारो मोराटाले एक/एक गोल गरे। स्पेनले खेलको ११औं मिनेटमा ओल्मोको गोलबाट सुरुआती अग्रता बनाएको थियो। खेलको २१औं मिनेटमा एसेन्सियोले गोल गर्दा स्पेनको अग्रता २–० को बन्यो।

खेलको ३१औं मिनेटमा फेरान टोरेसले पेनाल्टीबाट गोल गरेपछि स्पेन पहिलो हाफमा ३–० ले अघि रह्यो। कोस्टारिकाका ओसकारले जोडी अल्बालाई पेनाल्टी क्षेत्रभित्र फउल गर्दै लडाएपछि स्पेनले पेनाल्टीको अवसर पाएको हो। खेलको ५४औं मिनेटमा टोरेसले व्यक्तिगत दोस्रो गोल गर्दै स्पेनलाई ४–० को अग्रता दिलाए।

७५औं मिनेटमा गाभीले गोल गर्दै स्पेनलाई ५–० को अग्रता दिलाए। खेलको ९०औं मिनेटमा सोलेरले गोल गर्दै स्पेनलाई ६–० को अग्रता दिलाए। त्यसपछि खेलको इन्जुरी समयमा मोरटाले गोल गर्दै स्पेनलाई ७–० गोलको फराकिलो जीत दिलाए। यस जीतसँगै समूह 'ई'को स्पेनले पहिलो खेलमैं तीन अङ्क जोडेको छ।

# नगरप्रमुखमा पराजित दुईजना प्रदेशसभा सदस्यमा निर्वाचित

प्रस, गरुडा, ८ मङ्सिर/

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा नगरप्रमुखमा पराजित रौतहटका दुईजना प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। रौतहटको गढीमाई नगरपालिका र राजपुर नगरपालिकाको नगरप्रमुख पदमा पराजित दुईजना उम्मेदवार मधेस प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्।

रौतहटको गढीमाई नगरपालिको नगरप्रमुखमा जसपाबाट चुनाव लडेका फूलबाबू भन्ने शेख अबुल कलाम आजाद प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। दुईपटक नगरप्रमुखमा चुनाव हारेका फूलबाबू दोस्रोपटक पनि रौतहट क्षेत्र नं ४ (२)बाट प्रदेशसभामा निर्वाचित भएका हुन्। नगरप्रमुख बन्ने मुख्य चाहना राख्दै आएका फूलबाबू दोस्रोपटक माननीय बन्न सफल भएका छन्।

गढीमाई नगरपालिकाको नगरप्रमुख पदमा लगातार दुईचोटि पराजित भएको र नगरप्रमुखमा पराजित भएपछि प्रदेशसभा सदस्यको चुनावमा लगातार दुईचोटि निकै सहज जीत निकालेका फूलबाबूले हारको पीडा र जीतको उत्साह एकसाथ पाउने गरेको स्थानीयको बुझाइ छ।

अघिल्लोपटक स्वतन्त्र भएर चुनाव लडेका फूलबाबू जसपामा प्रवेश गरी मधेस प्रदेशसभाको संसद्मा विकास समिति सभापति बनेका थिए। विकास समिति सभापति तथा प्रदेशसभा सदस्यबाट राजीनामा दिएर नगरप्रमुखमा लडेका साह पुरानै प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका श्यामप्रसाद यादवसित पराजित भएका थिए।

गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट राजपुर नगरपालिकाको नगरप्रमुखको उम्मेदवार रहेका जैद राजा पराजित भएका थिए तर प्रदेशसभामा भने निर्वाचित भएका छन्।

नगरप्रमुखमा पराजित जैद रौतहट क्षेत्र नं २ (१)बाट प्रदेशसभाका लागि सहज जीत निकालेका छन्।

# मधेस प्रदेशका दुई राज्यमन्त्री रौतहटमा पराजित

प्रस, गरुडा, ८ मङ्सिर/

मधेस प्रदेश सरकारका बहालवाला दुई प्रदेश राज्यमन्त्री प्रदेशसभा सदस्यको निर्वाचनमा पराजित भएका छन्। २०७४ को निर्वाचन जितेको क्षेत्रमैं दुवैजना राज्यमन्त्री पराजित भएका हुन्।

रौतहट क्षेत्र नं १ (२)बाट २०७४ को प्रदेशसभा निर्वाचनबाट निर्वाचित जसपा नेता योगेन्द्रराय यादव सोही क्षेत्रमा पराजित भएका छन्। प्रदेश सरकारको कृषि तथा सहकारी राज्यमन्त्री रहेका यादवको क्षेत्रमा नेपाली काङ्ग्रेसका मधेस प्रदेश सभापति कृष्णप्रसाद यादव निर्वाचित भएका छन्। राज्यमन्त्री यादवले स्वतन्त्र उम्मेदवार राजेश चौधरीभन्दा पनि कम मत ल्याएका छन्। राज्यमन्त्री यादव तेस्रो स्थानमा चित्त बुझाउन बाध्य भएका छन्।

यसैगरी, रौतहट क्षेत्र नं ३ (२)बाट २०७४ मा नेकपा एमालेबाट निर्वाचित भई पार्टी विभाजनपछि नेकपा (एस)मा गएका नागेन्द्र यादव पराजित भएका छन्। मधेस प्रदेश सरकारमा वन राज्यमन्त्री रहेका यादव पहिले निर्वाचित क्षेत्रमैं नराम्ररी पराजित भएका छन्। राज्यमन्त्री यादवलाई स्वतन्त्र उम्मेदवार केशवराय चौधरीले पराजित गरेका छन्। राज्यमन्त्री यादवभन्दा जसपा उम्मेदवार पूजा चौधरीले बढी मत ल्याएकी छन्। राज्यमन्त्री यादवले तेस्रो स्थानमा चित्त बुझाए।

मधेस प्रदेश सरकारमा रौतहटबाट बहालवाला दुई राज्यमन्त्री पहिले निर्वाचित क्षेत्रमैं तेस्रो स्थानमा सीमित हुनु संयोग मात्र रहेको रौतहटका बुद्धिजीवीहरूको बुझाइ रहेको छ।